# नेपाल चिकित्सक संघ

## निर्वाचन आचार संहिता, २०७९

**प्रकाशित मितिः- २०७९।०९।११**

**<u>प्रस्तावनाः</u>** नेपाल चिकित्सक संघ, कार्यसमिति निर्वाचन-२०७९ को निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट मर्यादित रुपमा सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले, नेपाल चिकित्सक संघको विधान (संशोधन सहित), २०४७. तथा नेपाल चिकित्सक संघ निर्वाचन नियमावली (संशोधन सहित), २०७० परिच्छेद-१० नियम ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल चिकित्सक संघ, कार्यसमिति एवं सरोकारवालासँग परामर्श, सल्लाह, सुझाबलाई आत्मसाथ गरी नेपाल चिकित्सक संघ, कार्यसमिति २०७९-२०८२ को निर्वाचन समितिले यो निर्वाचन आचार संहिता बनाई लागु गरेको छ ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आचार संहिताको नाम "नेपाल चिकित्सक संघ, कार्यसमिति निर्वाचन आचार संहिता, २०७९" रहेकोछ ।

(२) यो निर्वाचन आचार संहिता नेपाल चिकित्सक संघ, कार्यसमिति निर्वाचन-२०७९ को लागि गठित निर्वाचन समितिले तोकेको अवधिभर लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "ऐन" भन्नाले प्रचलित नेपाल कानूनलाई सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम बनेका नियम, विनियम तथा नेपाल सरकारको निती, निर्देशन समेतलाई जनाउने छ ।

(ख) "संघ" भन्नाले जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा संस्था दर्ता नं. ०७/०४३/४४ मा संस्था दर्ताको प्रमाण पत्र प्राप्त नेपाल चिकित्सक संघलाई सम्झनु पर्छ ।

(ग) "विधान" भन्नाले नेपाल चिकित्सक संघको विधान (संशोधन सहित), २०४७ लाई सम्झनु पर्छ ।

(घ) "निर्वाचन नियमावली" भन्नाले नेपाल चिकित्सक संघ निर्वाचन नियमावली, २०७० लाई सम्झनु पर्छ ।

(ङ) "निर्वाचन" भन्नाले नेपाल चिकित्सक संघ, केन्द्रिय कार्यसमिति निर्वाचन-२०७९ को निर्वाचन सम्झनु पर्छ र सो शब्दले नेपाल चिकित्सक संघ, केन्द्रिय कार्यसमिति निर्वाचन-२०७९ बाट हुने निर्वाचन समेतलाई सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ ।

(च) "निर्वाचन आचार संहिता" भन्नाले नेपाल चिकित्सक संघ, केन्द्रिय कार्यसमिति निर्वाचन-२०७९ का लागि गठित निर्वाचन समितिले जारी गरेको निर्वाचन आचार संहिता सम्झनु पर्छ ।

(छ) "कार्यकारी समिति" भन्नाले नेपाल चिकित्सक संघको केन्द्रिय कार्यकारी समितिलाई सम्झनु पर्छ र सो शब्दले नेपाल चिकित्सक संघको विधान (संशोधन सहित) २०४७ बमोजिम गठित नेपाल चिकित्सक संघको प्रादेशिक कार्यकारी समिति समेतलाई जनाउने छ ।

(ज) "निर्वाचन समिति" भन्नाले नेपाल चिकित्सक संघ, केन्द्रिय कार्यसमिति निर्वाचन-२०७९ लागि गठन भएको निर्वाचन समिति लाई सम्झनु पर्छ ।

(झ) "प्रमुख निर्वाचन अधिकृत" भन्नाले नेपाल चिकित्सक संघ, केन्द्रिय कार्यसमिति निर्वाचन-२०७९ को निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतलाई सम्झनु पर्छ र सो शब्दले निर्वाचन अधिकृतलाई समेत जनाउने छ ।

(ञ) "निर्वाचन कार्यालय" भन्नाले नेपाल चिकित्सक संघ, केन्द्रिय कार्यसमिति निर्वाचन-२०७९ को निर्वाचन समितिको कार्यालयलाई सम्झनु पर्छ र सो शब्दले निर्वाचन समितिको प्रादेशिक कार्यालय समेतलाई जनाउने छ ।

(ट) "कर्मचारी" भन्नाले नेपाल चिकित्सक संघ, कार्यसमिति निर्वाचन-२०७९ का लागि निर्वाचन समिति तथा प्रमुख निर्वाचन अधिकृतले निर्वाचन अवधिसम्मका लागि नियुक्त गरेका व्यक्ति र नेपाल चिकित्सक संघका कर्मचारीलाई समेत जनाउँछ ।

(ठ) "मनोनयनपत्र" भन्नाले निर्वाचनमा उम्मेदवारीको लागि निर्वाचन अधिकृत समक्ष दाखिला गर्न तोकिएको मनोनयनपत्र सम्झनु पर्छ ।

(ड) "उम्मेदवार" भन्नाले नेपाल चिकित्सक संघको विधान (संशोधन सहित), २०४७ बमोजिम नेपाल चिकित्सक संघ, केन्द्रिय कार्यसमिति निर्वाचन-२०७९ बाट हुने कुनै पदका निर्वाचनका लागि मनोनयन पत्र दिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ढ) "निर्वाचन प्रतिनिधि" भन्नाले उम्मेदवारले निर्वाचन प्रयोजनका लागि आफ्नो तर्फबाट गर्नुपर्ने काम गर्न नियुक्त गरेको निर्वाचन अधिकृतबाट अनुमोदित व्यक्ति सम्झनु पर्छ ।

(ण) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि निर्वाचन समितिले तोकेको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले मतदान उपकेन्द्रलाई समेत जनाउँछ ।

(त) "मतदान अधिकृत" भन्नाले नेपाल चिकित्सक संघ, केन्द्रिय कार्यसमिति निर्वाचन-२०७९ का लागि निर्वाचन समिति तथा प्रमुख निर्वाचन अधिकृतले नियुक्त गरेका मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(थ) "मतदाता" भन्नाले नेपाल चिकित्सक संघ, केन्द्रिय कार्यसमिति निर्वाचन-२०७९ को निर्वाचनका लागि मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(द) "मतदाता परिचयपत्र" भन्नाले मतदान गर्ने प्रयोजनका लागि नेपाल मेडिकल काउन्सिल वा नेपाल चिकित्सक संघले उपलब्ध गराएको फोटोसहितको परिचयपत्र वा मतदाताको फोटो भएको नेपाल सरकारका कुनै पनि निकायबाट जारी प्रमाण पत्र सम्झनु पर्छ ।

(ध) "मतपत्र" भन्नाले नेपाल चिकित्सक संघको विधान, (संशोधन सहित) २०४७ बमोजिम निर्वाचन हुने पदका लागि निर्वाचनमा मतदान गर्न व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँछ ।

(न) "निविदा मतपत्र" भन्नाले सम्बन्धित मतदाताको मतदान अर्कैले गरी वास्तविक मतदाताले मतदान गर्न नपाउने ठहर गरी मतदान गर्न दिने मतपत्र सम्झनु पर्छ ।

(प) "जाली मतपत्र" भन्नाले मतदानको लागि निर्वाचनले उपलब्ध गराएको मतपत्र बाहेकका अन्य नक्कली मतपत्र सम्झनु पर्छ ।

(फ) "मतदान प्रतिनिधि" भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा प्रतिनिधित्व गर्नको लागि नियुक्त गरेको मतदान अधिकृतबाट अनुमोदित व्यक्ति सम्झनु पर्छ ।

(ब) "मतपेटिका" भन्नाले मत संकेत गरेको मतपत्र राख्नका लागि निर्वाचन समितिले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा

त्यसरी मतदान गरेको मत संकेतलाई अभिलेख गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ ।

(भ) "मतगणना" भन्नाले निर्वाचनमा मतदान भएका मतपत्रबाट उम्मेदवारले पाएको मत र बदर मत गणना गर्ने कार्य सम्झनु पर्छ ।

(म) "गणक" भन्नाले मतगणनामा खटिएको कर्मचारी सम्झनु पर्छ ।

(य) "मतगणना प्रतिनिधि" भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नको लागि नियुक्त गरेको मतदान अधिकृतबाट अनुमोदित व्यक्ति सम्झनु पर्छ ।

(र) "मतगणनास्थल" भन्नाले निर्वाचन अधिकृतले तोकेको मतगणनास्थल सम्झनु पर्छ ।

(ल) "सुरक्षणसिल" भन्नाले मतपेटिका वा मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गर्न प्रयोग गरिने नम्बर सहितको सुरक्षणसिल र लाहाछाप समेतलाई सम्झनु पर्छ ।

(व) "मौन अवधि" भन्नाले मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्मको समय सम्झनु पर्छ वा निर्वाचन समितिले तोकेको समय सम्झनु पर्दछ ।

(स) "आमसञ्चार" भन्नाले सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालन भएका विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनु पर्छ ।

(ष) "अनुगमन टोली" भन्नाले नेपाल चिकित्सक संघ निर्वाचन समिति तथा प्रमुख निर्वाचन अधिकृतले निर्वाचन अनुगमनको लागि खटाएको अनुगमन टोली सम्झनु पर्छ ।

(श) "पर्यवेक्षक" भन्नाले निर्वाचनको समयमा पर्यवेक्षण गर्न निर्वाचन समिति तथा प्रमुख निर्वाचन अधिकृतबाट अनुमतिप्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ह) "अनधिकृत प्रबेश वा कब्जा" भन्नाले मतदानस्थल र मतगणनास्थलमा निर्वाचन अधिकृत तथा मतदान अधिकृतको अनुमति बिना गरिएको प्रबेश वा कब्जालाई सम्झनु पर्छ ।

३. **निर्वाचन आचार संहिता लागू हुनेः** (१) यो आचार संहिता निर्वाचन समितिले तोकेको मिति २०७९/९/११ देखि लागू हुने छ ।

(२) यो आचार संहिता नेपाल चिकित्सक संघमा आबद्ध सदस्य एवं निजहरुका परिवार, आफन्त समेतलाई लागू हुनेछ ।

## परिच्छेद–२

## उम्मेदवार तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण

४. **सामान्य आचरणः** उम्मेदवार तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने सामान्य आचरण देहायबमोजिम रहेका छन्:-

(क) नेपाल चिकित्सक संघमा आबद्ध रहनु भएका कसैले पनि धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा समुदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने गरी कुनै क्रियाकलाप गर्न वा गराउन नहुने,

(ख) उम्मेदवार वा संघका सदस्यको निजी जीवनलाई आघात पर्ने गरी आलोचना गर्न नहुने, तर उम्मेदवार वा संघका सदस्यको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको कामको बारेमा आलोचना गर्न बाधा पर्ने छैन ।

(ग) कुनै साम्प्रदायिक भावना फैलाउने गरी मत माग्न वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(घ) प्रचलित कानून बमोजिम निर्वाचनसम्बन्धी कसूर मानिने कार्य गर्न वा गराउन वा त्यस्तो कार्य गर्न उक्साउन नहुने,

(ङ) उम्मेदवार वा संघका सदस्यले भड्किलो प्रकारको स्रोत र सम्पत्ति आफ्नो पक्ष वा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने,

(च) मतदातालाई कुनै प्रकारले प्रलोभन, आश्वासन, दबाब दिन, नगद, जिन्सी वितरण गर्न, भोजभतेर आयोजना गर्न वा मादक पदार्थ सेवन वा वितरण गर्न वा गराउन नहुने,

(छ) निर्वाचन समितिद्वारा प्रकाशित मतदाता नामावली, मतदाता शिक्षा लगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी त्यस्ता कार्यक्रमसँग सम्बन्धित सामाग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने,

(ज) उम्मेदवार वा संघको चिन्ह अंकित ज्याकेट, कमिज, टि-सर्ट, टोपी, गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ट्याटु जस्ता साङ्केतिक सामाग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने,

(झ) निर्वाचनसम्बन्धी प्रचार-प्रसारको लागि कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन नहुने,

(ञ) महिला तथा शारीरिक दुर्वलता व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ठ) निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

(ढ) प्रचलित कानून बमोजिम निषेध गरेको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, र्‍याली, बैठक, भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ण) सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, र्‍याली, बैठक, भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(त) उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मत परिणामको घोषणा नभएसम्म उम्मेदवारको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न नहुने ।

५. **विषयगत आचरणः** उम्मेदवार तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विषयगत आचरण देहायबमोजिम रहेका छन्:-

**(क) बैठक, भेला गर्दा पालना गर्नुपर्ने आचरणः**

(१) चिकित्सकहरुको पेशा र पेशागत हकको हनन नहुने गरी सभ्य तरिकाले बैठक भेला गर्नु पर्ने तथा कसैको विचारको विरोध गर्दा निजको घरको आसपास विरोध गर्न र प्रदर्शन गर्न वा गराउन नहुने,

(२) कुनै उम्मेदवारले आयोजना गरेको बैठक, भेला वा निर्वाचन कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुर्‍याउन नहुने,

(३) एकभन्दा बढी उम्मेदवारले आफ्नो समुहको बाहेक एकै समयमा एउटै स्थानमा बैठक वा भेला गर्न वा गराउन नहुने,

(४) प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामाग्री प्रयोग गरी बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न वा गराउन नहुने,

(५) बैठक, भेला वा चुनाव प्रचार प्रसारका कार्यक्रम यथाशक्य समयमा मात्र गर्नुपर्ने,

(६) मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मत परिणामको घोषणा नभएसम्म बैठक वा भेला आयोजना गर्न, आफ्नो चुनाव प्रचार प्रसार हुने कुनै सामाग्री प्रयोग वा प्रदर्शन गर्न वा गराउन नहुने,

तर उम्मेदवारले आफ्नो Website, E-mail जस्ता Cyber प्रणाली तथा सामाजिक सञ्जालबाट आफ्नो चुनाव प्रचार, प्रसार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(ख) **विद्युतिय, पत्रपत्रिका तथा अन्य माध्यमबाट चुनाव प्रचार प्रसाद गर्दा पालना गर्नुपर्ने आचरणः**

(१) उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा पैंतालीस सेकेण्डसम्म प्रशारण गराउन सक्ने,

(२) उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा प्रत्येक दिन बढीमा ७ इन्च × ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामाग्री छपाउन सक्ने,

(ग) **निर्वाचन खर्च सम्बन्धी आचरणः**

(घ) **मौन अवधिमा पालना गर्नुपर्ने आचरणः (निर्वाचन समितिले आवश्यक मानी निर्णय गरेकोमा मात्र)**

(१) निर्वाचन प्रचार प्रसार गर्न र मत माग्न नहुने,

(२) मौन अवधि शुरु हुनुभन्दा अगाडि मतदानकेन्द्रको ३०० मिटर वरिपरी राखिएका आ-आफ्ना निर्वाचन चिन्ह तथा प्रचार र प्रसारका सामाग्री हटाएको हुनुपर्ने,

(३) उम्मेदवार आफैले आफ्नो प्रचार प्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न नहुने,

तर कुनै सञ्चार माध्यमले उम्मेदवारको अन्तरवार्ता लिई प्रसारण वा प्रकाशन गरिएकोलाई यस दफाले बाधा पुराएको मानिने छैन ।

(ङ) **मतदानको दिन पालना गर्नुपर्ने आचरणः**

(१) मतदातालाई शान्तिपूर्वक मताधिकारको प्रयोग गर्न दिनुपर्ने,

(२) मतदानमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई सहयोग गर्नुपर्ने,

(३) मतदान केन्द्रमा रहेको उम्मेदवारको प्रतिनिधिले कुनै उम्मेदवारको नाम, निर्वाचन चिन्ह वा सङ्केत नभएको पहिरन, परिचयपत्र र व्याचमात्र प्रयोग गर्नुपर्ने,

(४) कुनै किसिमको सवारी साधन प्रयोग गरी आवत जावत गर्न वा कसैलाई पनि लाने वा ल्याउने गर्न नहुने,

तर शारीरिकरुपले अशक्त वा हिँडडुल गर्न नसक्ने मतदाताको लागि मतदान अधिकृतले तोकिदिएको सवारी साधन प्रयोग गर्न सकिनेछ ।

(५) उम्मेदवार, मतदाता, प्रचलित कानूनले अनुमति दिएका व्यक्ति, निर्वाचन समितिले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुनै व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने,

(६) मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै काम गर्न वा गराउन नहुने ।

(च) **अन्य आचरणः (निर्वाचन समितिले तोकेको अवस्थामा मात्र)**

(१) निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा कुल क्षेत्रफल तीनसय वर्गइन्चसम्म आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चामात्र प्रयोग गर्नुपर्ने,

(२) उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण उम्मेदवारी दर्ता गर्दा सम्बन्धित निर्वाचन अधिकृतसमक्ष बुझाउनु पर्ने ।

## परिच्छेद–३

## निर्वाचनमा खटिएका निर्वाचन अधिकृत, मतदान अधिकृत वा कर्मचारीले पालना गर्नुपर्ने आचरण

६. **प्रचार प्रसारमा संलग्न हुन नहुने:** निर्वाचनमा खटिएका निर्वाचन अधिकृत, मतदान अधिकृत वा कर्मचारीले कुनै उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्नु हुँदैन ।

७. **तटस्थ र निष्पक्ष रहनु पर्ने:** निर्वाचनमा संलग्न रहने कर्मचारी तथा सुरक्षाकर्मीले आफ्नो पदीय कर्तव्य तटस्थ र निष्पक्ष रही गर्नु पर्नेछ ।

८. **निर्वाचन सम्बन्धी जिम्मेवारी दिन नहुने:** (१) विगतको निर्वाचनमा कुनै किसिमको कारबाही सिफारिस गरेको वा निर्वाचन सम्बन्धी कसूरमा कुनै अदालतबाट कसूरदार ठहरिएको सार्वजनिक पद धारण गरेको व्यक्ति वा कर्मचारीलाई र उम्मेदवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न भई स्वार्थ गाँसिएका व्यक्तिलाई निर्वाचनसम्बन्धी कुनै जिम्मेवारी दिइने छैन ।

९. **पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण:** निर्वाचनको पर्यवेक्षण गर्न खटिने पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण देहाय बमोजिम रहेका छन्:- (निर्वाचन समितिलाई आवश्यक लागेमा मात्र लागू हुनेछ)

(क) विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा-भाषी, क्षेत्र र संस्कृतिको सम्मान गर्नुपर्ने,

(ख) निष्पक्ष, तटस्थ र विश्वसनीय भएर पर्यवेक्षण गर्नुपर्ने,

(ग) निर्वाचनको कार्यलाई बाधा पुग्ने कुनै काम गर्नु नहुने,

(घ) पर्यवेक्षणको क्रममा आफ्नो पहिचान खुलाउनुपर्ने,

(ङ) उम्मेदवारको पक्ष वा विपक्षमा सार्वजनिकरुपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिप्पणी गर्नु नहुने,

(च) अनुमति प्राप्त क्षेत्रमामात्र पर्यवेक्षण गर्नुपर्ने,

(छ) प्रतिवेदन तयार गर्दा निष्पक्ष ढङ्गले तथ्यमा आधारित भएर गर्नुपर्ने,

(ज) उम्मेदवार, कर्मचारी वा अन्य व्यक्तिसँग उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने ।

## परिच्छेद–४

## आचार सम्बन्धि विविध व्यवस्था

१०. **अनुगमन संयन्त्र:** (१) निर्वाचन समितिले निर्वाचन आचार संहिता कार्यान्वयनका लागि अनुगमन संयन्त्र निर्माण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएका अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकार निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

११. **कारबाही र सजाय:** कसैले यस आचार संहिताको उल्लङ्घन गरेमा प्रचलित कानून बमोजिम कारबाही र सजाय हुनेछ ।

## परिच्छेद-५

## मतदान कर्मचारी सम्बन्धी व्यवस्था र प्रशिक्षण

१२. **नियुक्तिः** (१) मुख्य निर्वाचन अधिकृतले प्रत्येक मतदान केन्द्रका लागि सम्बन्धित शाखाका अधिकृतसँग समन्वय गरी मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएका मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीले सम्बन्धित मतदान केन्द्रमा गई काम गर्नु पर्नेछ ।

१३. **प्रशिक्षणमा सहभागी हुनेः** मतदान अधिकृत तथा सहायक मतदान अधिकृतले निर्वाचन समितिले तोकेको स्थानमा आयोजना हुने प्रशिक्षण कार्यक्रममा सहभागी हुनु पर्नेछ ।

१४. **कर्मचारीबारे जानकारी लिनेः** (१) निर्वाचन समितिको कार्यालयले मतदान अधिकृतलाई दिने नियुक्तिपत्रमा सो मतदान केन्द्रमा खटिने सम्पूर्ण कर्मचारीको पद, नाम थर, दर्जा र कार्यालय समेत उल्लेख हुनेछ र मतदान अधिकृतले आफ्नो नियुक्तिपत्रबाटै आफू खटिने मतदान केन्द्रमा खटिएका सम्पूर्ण कर्मचारीको जानकारी प्राप्त गर्नेछ ।

१५. **मतदानकेन्द्रमा प्रस्थानको तयारीः** मतदान अधिकृतले मतदान केन्द्रमा प्रस्थान गर्नु अघि आफु खटिएको मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीसँग आपसी समन्वय गरी मतदान केन्द्रमा जाने व्यवस्था मिलाउनु पर्नेछ ।

१६. **उत्तरदायी हुनेः** (१) मतदान अधिकृत निर्वाचन सम्बन्धी कामका लागि निर्वाचन अधिकृतप्रति उत्तरदायी हुनेछ ।

(२) मतदान केन्द्रमा खटिएको सहायक मतदान अधिकृत, अन्य कर्मचारी, स्वयंसेवक र सुरक्षाकर्मी मतदान अधिकृतप्रति उत्तरदायी हुनेछ ।

१७. **स्वयंसेवक नियुक्ति गर्नेः** (१) मतदान अधिकृतले मतदान केन्द्रमा सहयोग गर्न बढीमा मतदान कार्य सम्पन्न नभएसम्मका लागि प्रत्येक मतदान केन्द्रमा कम्तीमा एक जना महिला सहित तीन जना स्वयंसेवक नियुक्त गर्न सक्नेछ ।

(२) नियुक्त गरिएको स्वयंसेवकलाई मतदान अधिकृतले प्रतिबद्धता गराउनु पर्नेछ ।

(३) स्वयंसेवकको नियुक्तिको ढाँचा तोकिएबमोजिम हुनेछ ।

(४) नियुक्त गरिएको स्वयंसेवकलाई मतदान अधिकृतले निर्वाचन समितिले निर्धारण गरे बमोजिमको दैनिक भत्ता बापतको रकम भुक्तानी दिनुपर्नेछ ।

## परिच्छेद-६

## निर्वाचन सामाग्री सम्बन्धी व्यवस्था

१८. **निर्वाचन सामाग्रीका बारेमा जानकारी लिनेः** मतदान अधिकृतले मतदान केन्द्रमा प्रयोग हुने मतदाता नामावली, मतपत्र, मतपेटिका, सुरक्षण सिल, स्वस्तिक छाप, छापदानी, नमेटिने मसी वा नमेटिने मसी भएको मार्कर, छेकाबारा, अनुसूची फाराम, ऐन, नियम, निर्देशिका लगायत सबै प्रकारका सामाग्रीको बारेमा जानकारी लिई त्यस्ता सामाग्री निर्वाचन समिति वा नेपाल चिकित्सक संघको केन्द्रीय कार्यालयबाट प्राप्त गर्नु पर्नेछ ।

१९. **सामाग्री बुझिलिनेः** (१) मतदान अधिकृतले मतदान केन्द्रमा प्रस्थान गर्नुअघि आफू खटिएको मतदान केन्द्रको मतदाता नामावली दुई प्रति, मतदातालाई वितरण गर्नु पर्ने मतदाता परिचयपत्र, मतपत्र, मतपेटिका, सुरक्षण सिल, मत सङ्केत गर्ने कालो वा निलो डटपेन, छापदानी, नमेटिने मसी वा नमेटिने मसी भएको मार्कर, छेकाबारा, विभिन्न अनुसूची फाराम, ऐन, नियम, निर्देशिका लगायतका मतदान सामाग्री बुझिलिनु पर्नेछ ।

(२) मतदान केन्द्रमा प्रयोग हुने मतपत्र निर्वाचन समितिको कार्यालयबाट र अन्य सामाग्री नेपाल चिकित्सक संघको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरुबाट बुझिलिनु पर्नेछ ।

(३) मतदान सामाग्रीको जाँच गर्दा मतदान अधिकृतले विशेष गरी देहायका कुरामा ध्यान दिई यकिन हुनुपर्नेछः-

(क) मतदान सामाग्री आफू खटिएको मतदान केन्द्रको हो, होइन ?

(ख) डटपेन, स्ट्याम्प प्याडमा मसी भए, नभएको ?

(ग) औंलामा लगाउने नमेटिने मसी वा नमेटिने मसी भएको मार्कर भए, नभएको ?

(घ) मतदाता नामावलीको दुवै प्रति पूर्ण छ, छैन ?

(ङ) मतदाता नामावली आफू खटिएको मतदान केन्द्रको हो/होइन ?

(च) मतदाता नामावलीमा रहेको मतदाता सङ्ख्या मतदान केन्द्रमा तोकिएको मतदाता सङ्ख्यासँग मिल्छ, मिल्दैन ?

(छ) मतदान सामाग्री र मतदान कार्यमा प्रयोग हुने अनुसूची फारामहरू स्पष्ट र पर्याप्त छन, छैनन् ?

(ज) निर्वाचन सम्बन्धी आवश्यक पर्ने ऐन, नियम, निर्देशिकाहरु छन्, छैनन् ?

(४) मतदान अधिकृतलाई निर्वाचन सम्बन्धि सामाग्री बुझाएको दुई प्रति भरपाई गराई राख्नु पर्नेछ र त्यस्तो भरपाईको एकप्रति निर्वाचन समितिको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्वाचन कार्यालयले मतदान अधिकृतसँग भरपाई गराउँदा सुरक्षणसिल समेत उपलब्ध गराउने भए सोको नम्बर समेत उल्लेख गर्नु पर्नेछ र मतदान अधिकृतले आफूले बुझिलिएको सुरक्षणसिल नम्बर पोलबुकमा टिपोट गरी राख्नु पर्नेछ ।

२०. **मतपत्र बुझिलिनेः** (१) मतदान अधिकृतले निर्वाचन समितिको कार्यालयबाट मतपत्र बुझिलिँदा कपडाको थैलोमा पोको पारी जाँचीबुझी लाहाछाप लगाई लिनु पर्नेछ । त्यसरी मतपत्र बुझिलिँदा मतदान केन्द्रको लागि छुट्ट्याइएको मतपत्रको क्रमसङ्ख्याको सुरु र अन्तिम क्रमसङ्ख्या खुलाई बुझिलिनु पर्नेछ र निर्वाचन समितिको कार्यालयले सोको अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतपत्रको क्रमसङ्ख्या उल्लेख भएको अभिलेख मुख्य निर्वाचन अधिकृतले एकप्रति आफ्नो कार्यालयमा राखी अर्को एकप्रति सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम मतपत्र बुझिलिँदा सम्बन्धित शाखाको सम्बन्धित मतदान केन्द्रमा मतदान हुने मतदाता संख्याभन्दा पन्ध्र प्रतिशतले हुन आउने बढी मतपत्र उपलब्ध गराईने छ ।

२१. **दस्तखत नमूना लिनेः** (१) दफा ११ बमोजिम मतदान अधिकृतलाई मतपत्र बुझाउँदा मुख्य निर्वाचन अधिकृतले मतदान अधिकृतको दस्तखत नमूना लिई अभिलेख राख्नु पर्नेछ । यसरी दस्तखत नमूना लिँदा पूरा तथा छोटकरी दस्तखतको नमूना दुई प्रति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दस्तखतको एक प्रति नमूना मुख्य निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

२२. **मतदान सामाग्री मतदान केन्द्रमा पुऱ्याउनेः** मतदान अधिकृतले सहायक मतदान अधिकृत, अन्य कर्मचारी, कार्यालय सहयोगी र सुरक्षाकर्मीसमेतसँग समन्वय गरी आफू खटिएको मतदान केन्द्रको मतदान सामाग्री सुरक्षित रूपमा मतदान केन्द्रमा पुऱ्याउनु पर्नेछ । सामाग्री लिई जाँदा

राती बास बस्नु पर्ने अवस्थामा निर्वाचन सामाग्री र कर्मचारीको सुरक्षा व्यवस्थामा उचित ध्यान दिनु पर्नेछ ।

२३. **<u>बसोबासको प्रबन्ध मिलाउने:</u>** मतदान अधिकृतले स्थानीय व्यक्ति तथा मतदान टोलीका अरू सदस्यसँग समेत आपसी समन्वय गरी टोलीका लागि मतदान केन्द्र रहेको स्थलमा बसोबासको आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

तर मतदान केन्द्र रहेको स्थलमा त्यस्तो व्यवस्था गर्न सम्भव नभएमा उम्मेदवार, निजको नातेदार तथा निजको निर्वाचन प्रतिनिधि बाहेकको घर वा होटलमा बसोबासको व्यवस्था गर्न सकिनेछ ।

२४. **<u>मतदाता परिचयपत्र:</u>** (१) नेपाल मेडिकल काउन्सिल वा नेपाल चिकित्सक संघले उपलब्ध गराएको परिचय पत्रलाई मतदाताको परिचय पत्र मानिनेछ ।

(२) कुनै मतदाताले उपदफा (१) बमोजिमको परिचयपत्र नलिई मतदान गर्न आएमा निज मतदाता हो भन्ने एकिन भएमा निजको फोटो भएको नेपाल सरकारबाट जारी कुनै प्रमाण ल्याएमा मतदान गर्न पाउनेछ ।

२५. **<u>सर्वपक्षीय बैठक राख्ने:</u>** (१) मतदान अधिकृतले मतदान केन्द्रमा पुगेपछि सकभर छिटो सर्वपक्षीय बैठक राखी मतदान केन्द्र वरपरको सुरक्षा व्यवस्था कायम राख्ने, मतदान केन्द्र निर्माण गर्ने, स्वच्छ, स्वतन्त्र रूपमा मतदान कार्य सञ्चालन गर्ने विषयमा आवश्यक सहयोग जुटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्वपक्षीय बैठकमा उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिहरुलाई आमन्त्रण गर्नु पर्नेछ । आवश्यक परेमा नेपाल चिकित्सक संघको निर्वाचनको अनुभव भएका व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) मतदान अधिकृतले सर्वपक्षीय बैठकका सहभागीलाई मतदान प्रक्रियाबारे जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-८

## <u>मतदान केन्द्र निर्माण</u>

२६. **<u>मतदान केन्द्र निर्माण गर्ने:</u>** (१) मतदान अधिकृतले आफू खटिएको मतदान केन्द्रमा आफ्नो टोलीमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीसँग समेत परामर्श गरी सबैलाई सहज हुने किसिमले मतदान केन्द्र निर्माण गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले मतदान केन्द्र निर्माण गर्दा नेपाल चिकित्सक संघको शाखा कार्यालयको सहयोग लिन तथा त्यस केन्द्रमा खटिएका कर्मचारीलाई सो काममा लगाउन सक्नेछ ।

(३) मतदान केन्द्र निर्माणमा मतदान अधिकृतलाई सहयोग पुऱ्याउनु मतदान केन्द्रमा खटिएका कर्मचारीको कर्तव्य हुनेछ ।

(४) मतदान केन्द्र निर्माण गर्दा स्थानीय स्तरमा उपलब्ध हुने डोरी, बाँस, घोचा, पाल जस्ता सामाग्रीको उपयोग गर्न सकिनेछ ।

(५) मतदान केन्द्रमा मतदान कार्य सञ्चालनका लागि आवश्यक पर्ने टेबुल, बेञ्च, कुर्सी लगायतका सामाग्रीको व्यवस्था सम्बन्धित शाखाले मिलाउनु पर्नेछ ।

(५) मतदान केन्द्र निर्माण गर्दा त्यस्तो केन्द्रमा देहायको व्यवस्था गर्नु पर्नेछ :-

(क) मत सङ्केत गर्नका लागि गोप्य कक्ष बनाउने र सो स्थानमा मतपत्रमा रेजा (√) लगाउने टेबुल राख्ने,

(ख) खण्ड (क) बमोजिम गोप्य कक्ष बनाउँदा मतदाताले सहजरुपमा मतदान गर्न पाउने गरी आवश्यकतानुसारको सङ्ख्यामा बनाउनु पर्नेछ ।

(ग) मतदान गर्ने गोप्य स्थानको छेकाबार गरेको टेबुलमा मत सङ्केत गर्ने कालो वा निलो डटपेन राख्ने व्यवस्था मिलाउने तथा त्यसको नजिकै मतपेटिका राख्ने टेबुल राख्ने,

(घ) कसैले मतदान गरी डटपेन लगेको भए त्यसको पहिचान गरी अभिलेख गरी राख्ने र डटपेन नभएको भए पुनः राख्न लगाउने ।

(ङ) मतपेटिका राखेको ठाउँको नजिक मतदान केन्द्रभित्रको समग्र कार्यको निरीक्षण गर्न सक्ने गरी मतदान अधिकृत बस्ने ठाउँ बनाउने,

(च) मतदान केन्द्रको बाहिरी भागमा खुला ठाउँमा महिला र पुरुष मतदाताको लागि डोरी वा बाँस लगाई अलग-अलग रूपमा पङ्क्तिबद्ध हुनेव्यवस्था मिलाउने,

(छ) पङ्क्तिबद्ध भएका मतदाता मतदान कक्षभित्र प्रवेश गर्ने स्थलमा मतदाताको नाम रुजु गर्ने, तथ्याङ्क फाराम भर्ने, नमेटिने मसी वा मार्करले चिनो लगाउने र मतदातालाई मतपत्र दिने सहायक मतदान अधिकृत वा कर्मचारी बस्ने ठाउँको व्यवस्था गर्ने,

(ज) मतदान केन्द्रमा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि बस्ने ठाउँको व्यवस्था गर्ने,

(झ) गर्भवती, शारीरिक अशक्तता, वृद्ध, बिरामी, कृयापुत्री, सुत्केरी मतदाताको लागि विश्राम गर्ने ठाउँको व्यवस्था गर्ने,

(ञ) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मतदान गरिसकेपछि मतदाता बाहिर निस्कने ठाउँमा सुरक्षाको प्रबन्ध गर्ने,

(ट) मतदान गरिसकेको व्यक्ति पुनः मतदान कक्षतर्फ फर्कन नसक्ने गरी बाहिर निस्कने व्यवस्था मिलाउने,

(ठ) प्रत्येक मतदान केन्द्रमा मतदान गर्ने मतदाताको क्रमसङ्ख्या स्पष्ट देखिने सूचना मतदाता लामबद्ध हुने ठाउँमा झुण्ड्याउने वा टाँस्ने ।

(६) मतदान अधिकृतले मतदान गर्न तोकिएको स्थानमा कुनै भवन नभएको अवस्थामा चौर वा खुला ठाउँमा पाल, त्रिपाल वा छेकवार वा अन्य कुनै उपयुक्त वस्तुको प्रयोग गरी मतदान केन्द्र निर्माण गर्नु पर्नेछ ।

(७) मतदान केन्द्र निर्माण गर्दा सम्भव भएसम्म शारीरिक अशक्त भएका व्यक्तिको लागि समेत सहज हुने गरी निर्माण गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम मतदान केन्द्र निर्माण गर्दा सम्भव भएसम्म खानेपानी र शौचालयको प्रबन्ध मिलाउनु पर्नेछ ।

(९) मतदान केन्द्रमा मतदान अधिकृतले कुनै सहयोग मागेमा निजलाई सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

२७. **<u>मतदान केन्द्रमा व्यवस्था गर्नु पर्ने अन्य कुराहरुः</u>** (१) मतदान अधिकृतले मतदान केन्द्र निर्माण गरिसकेपछि त्यस्तो केन्द्रमा देहाय बमोजिमका अन्य व्यवस्था मिलाउनु पर्नेछः-

(क) मतदाता प्रवेश गर्ने द्वारमा “भित्र” र मतदाता बाहिर निस्कने द्वारमा “बाहिर” लेखिएको कार्ड सबैले देख्ने गरी टाँस्ने,

(ख) मतदान केन्द्रको प्रवेशद्वारमा महिला र पुरुष मतदाता अलग-अलग रूपमा लामबद्ध हुन सक्ने गरी डोरी वा बाँसले मतदाताको लागि लाम लाग्ने ठाउँ छुट्ट्याई “महिला” वा “पुरुष” लेखिएको अलग- अलग कार्ड झुण्डयाउने,

(ग) मतदाताको नाम रुजु गर्ने कर्मचारी र लाममा भएका मतदाताका बीच भागमा सुरक्षाकर्मीलाई राख्ने र सुरक्षाकर्मी नपुग भएको अवस्थामा स्वयंसेवकलाई खटाउने,

(घ) नाम रुजु गर्ने कर्मचारीपछि क्रमशः तथ्याङ्क फाराम भर्ने कर्मचारी वा स्वयंसेवक, नमेटिने मसी वा मार्करले औँलामा चिनो लगाउने महिला स्वयंसेवक, मतपत्र दिने सहायक मतदान अधिकृत बस्ने ठाउँको व्यवस्था गर्ने,

(ङ) उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिलाई मतदान कार्यमा खटिएका कर्मचारीको पछाडिपट्टि बस्ने प्रबन्ध मिलाउने,

(च) मतपेटिका राख्दा धेरै अग्लो ठाउँमा नराखी होचो कदका मतदाताले पनि सजिलै मत खसाल्न सक्ने गरी राख्ने व्यवस्था गर्ने,

(छ) गोप्य मतदान कक्ष बनाउँदा भऱ्याङ वा सिंढी चढेर जानुपर्ने ठाउँमा नबनाउने,

(ज) मतदाताले मतदान गरिसके पछि सो मतदाता सजिलै बाहिर निस्कन सक्ने गरी उपयुक्त व्यवस्था मिलाउने,

(झ) मतदान केन्द्रको बाहिरपट्टि सबैले देख्ने गरी धुम्रपान निषेधित क्षेत्र तथा हातहतियार निषेध लेखिएको कार्ड झुण्ड्याउने,

(ञ) मतदान केन्द्रमा उपलब्ध भएसम्म निर्वाचन समितिले उपलब्ध गराएका पोष्टर टाँस्ने,

(ट) मतदान केन्द्रभित्र कुनै पनि उम्मेदवारको पर्चा, पम्प्लेट, पोष्टर, प्रचार जस्ता सामाग्री रहेछ भने सो हटाउने,

(ठ) मतदान अधिकृतले मतदान केन्द्र तोकिएको ठाउँलाई मतदान सम्पन्न भएपछि आवश्यक सरसफाई र प्रयोग भएका सामाग्री हटाई ठीक दुरुस्त अवस्थामा राख्ने आवश्यक प्रबन्ध मिलाउने ।

(२) मतदान अधिकृतले मतदान केन्द्रमा मोबाइल लगायतका मतपत्रको दृष्य लिने सामाग्री निषेध गरिएको सूचना सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ ।

## परिच्छेद-९

## मतदान केन्द्र निर्माणपछि गर्नु पर्ने अन्य काम

२८. **मतदान केन्द्रको क्षेत्र तोक्ने:** मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिरको स्थान तथा चार किल्ला उल्लेख गरी सो क्षेत्र भित्रलाई मतदान केन्द्रको क्षेत्र घोषित गर्नु पर्नेछ र त्यसको सूचना मतदान केन्द्रमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ ।

२९. **प्रचार-प्रसार गर्न वा शान्ति भङ्ग गर्न निषेध गरेको सूचना प्रकाशन गर्ने:** (निर्वाचन समितिले तोकेमा मात्र लागू हुने) (१) मतदान अधिकृतले मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै प्रकारले प्रचार-प्रसार गर्न वा गराउन नपाउने व्यहोराको सूचना सो मतदान केन्द्रमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले निर्वाचनको लागि मतदान हुने दिनमा मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको

घर, भवन वा ठाउँ र मतदानलाई असर पर्ने गरी त्यसको वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा देहायका कुनै काम गरी शान्ति भङ्ग गर्न वा भय, त्रास सिर्जना गर्न वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गर्न वा गराउन नपाउने व्यहोराको सूचना प्रकाशन गर्नु पर्नेछः-

(क) साउण्ड सिस्टम, सर्ट मेसेज सर्भिस (एसएमएस), सामाजिक सञ्जाल वा यस्तै अन्य कुनै साधन प्रयोग गर्न,

(ख) बाजा बजाउन, नाचगान गर्न, सार्वजनिक भोज भतेर गर्न, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हुलहुज्जत वा होहल्ला गर्न वा गराउन ।

३०. **मादक पदार्थ सेवनमा निषेधः** कुनै पनि मतदाताले मादक पदार्थ सेवन गरी आएमा मतदान गर्न पाउने छैन ।

३१. **हातहतियार लिएर हिँड्न वा प्रयोग गर्न नदिनेः** मतदान अधिकृतले मतदान केन्द्र र सोको वरिपरि मतदानको काममा खटिएका सुरक्षा कर्मचारी बाहेक अरु कसैलाई कुनै प्रकारको विष्फोटक पदार्थ, रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिँड्न, प्रदर्शन गर्न, प्रयोग गर्न वा गराउन रोक लगाउनु पर्नेछ ।

३२. **मतदान सम्बन्धी कार्यमा बाधा पुऱ्याउनेलाई गिरफ्तार गर्न सकिनेः** (१) मतदान अधिकृतले मतदान कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा मद्दत गर्ने वा त्यस्तो कार्य गर्न उक्साउने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र सो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ ।

(२) निर्वाचन (कसुर र सजाय) ऐन, २०७३ बमोजिम कसूर मानिने कार्य गर्ने व्यक्तिलाई वा उपदफा (१) बमोजिमको आदेश नमान्ने व्यक्तिलाई मतदान अधिकृतले सुरक्षाकर्मीको जिम्मा लगाउनु पर्नेछ ।

३३. **निर्वाचन सामाग्री मतदान केन्द्रबाट बाहिर लैजान नहुनेः** मतदान कार्य समाप्त भई अन्य सम्पूर्ण प्रक्रिया पूरा नहुञ्जेलसम्म मतदान कार्यमा प्रयोग भएका मतदान सामाग्री मतदान केन्द्रभन्दा बाहिर लैजान र अनधिकृत व्यक्तिलाई छुन दिनु हुँदैन ।

३४. **मतदान प्रतिनिधिको नियुक्तिः** (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनमा मतदान सम्बन्धी काम गर्न प्रत्येक मतदान केन्द्रको लागि आफूले गर्नुपर्ने काम गर्न मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी मतदान प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी मतदान अधिकृत र निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्दा उम्मेदवार भएका सबै उम्मेदवारले समन्वय गरी एउटा मतदान केन्द्रमा सम्भव भएसम्म बढीमा तीनजना सम्म मतदान प्रतिनिधि रहने गरी नियुक्त गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो मतदान प्रतिनिधिलाई परिचयपत्र दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त भएको मतदान प्रतिनिधिलाई उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अर्को मतदान प्रतिनिधि नियुक्त गरिएकोमा मतदान अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम नियुक्त भएको मतदान प्रतिनिधिले निर्वाचन आचार संहिताको पूर्ण पालना गर्ने आफ्नो प्रतिबद्धता मतदान अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

३५. **मतदान प्रतिनिधिको योग्यता:** मतदान प्रतिनिधिको योग्यता सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति वा केन्द्रले खटाएको व्यक्ति वा ने.चि.संघ को मतदाता हुनु पर्नेछ ।

३६. **मतदान प्रतिनिधिको कर्तव्य:** मतदान प्रतिनिधिको कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्ने,

(ख) मतदानका क्रममा तयार हुने मुचुल्कामा उम्मेदवार वा निर्वाचन प्रतिनिधिको तर्फबाट सहीछाप गर्ने,

(ग) ऐन, नियमावली, निर्देशिका, आचार संहिता बमोजिम मतदान प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्ने ।

३७. **मतदान केन्द्रमा प्रवेश अनुमतिपत्र:** (१) मतदान अधिकृतले मतदान सम्बन्धी कामको लागि कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र मतदानको कार्य समाप्त नभएसम्म वा मतदान अधिकृतले रद्द नगरेसम्म कायम रहनेछ ।

३८. **मतदाता सूचना तथा सहायता कक्षको व्यवस्था गर्ने:** (१) मतदान स्थलमा मतदातालाई मतदाता शिक्षा दिने प्रयोजनको लागि मतदान अधिकृतले मतदाता सूचना तथा सहायता कक्षको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतदाता सूचना तथा सहायता कक्षमा मतदान हुने अघिल्लो दिन र मतदानको दिन मतदान गर्ने तरिका सम्बन्धमा मतदाताले जानकारी लिन सक्नेछन् ।

(३) यस दफा बमोजिम मतदाता सूचना तथा सहायता कक्ष स्थापना गर्ने सम्बन्धी अन्य व्यवस्था निर्वाचन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## अभिमुखीकरण र कार्य विभाजन

३९. **अभिमुखीकरण गर्ने:** (१) मतदान अधिकृतले मतदानको पूर्व तयारी स्वरूप मतदान हुने दिन अगावै मतदान केन्द्रमा खटिएका कर्मचारी, स्वयंसेवक र सुरक्षाकर्मीलाई मतदान प्रक्रियाका बारेमा अभिमुखीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिमुखीकरण गराउँदा प्रत्येक कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकले निर्वाचन प्रक्रियामा पूरा गर्नुपर्ने जिम्मेवारीबारे स्पष्ट पार्नु पर्नेछ ।

४०. **कार्य विभाजन:** (१) मतदान अधिकृतले मतदान कार्य सफलतापूर्वक सञ्चालन गर्न सहायक मतदान अधिकृत, अन्य कर्मचारी र स्वयंसेवकलाई देहायबमोजिम कार्य विभाजन गरी जिम्मेवारी समेत तोक्नु पर्नेछ :-

(क) मतदानका लागि उपस्थित मतदाताको मतदाता परिचय-पत्र हेरी मतदाता नामावलीमा नाम रुजु गर्ने र मतदाता नामावलीका रेजा लगाई निजको सही गराउने ।

(ख) मतदातालाई मतपत्रको अर्धकट्टीमा सही गराई मतपत्र दिने,

(ग) मतदान केन्द्रमा मतदाताको लाइन व्यवस्थापन र अन्य कार्यमा सहयोग पुऱ्याउने,

(च) मतदान गरिसकेको मतदाताले मतपेटिकामा मतपत्र खसाले नखसालेको निगरानी गर्ने तथा मतदान गरी सकेको मतदातालाई बाहिर पठाउने ।

(२) उपदफा (१) बमोजिम कार्य विभाजन गर्दा मतदातालाई मतपत्र दिने कार्य सम्भव भएसम्म स्वयं आफै मतदान अधिकृतले नभए सहायक मतदान अधिकृतलाई र सो बाहेक अन्य कार्य कर्मचारी, स्वयंसेवकलाई दिने गरी कार्य विभाजन गर्नु पर्नेछ ।

## परिच्छेद-११

## मतदानको तयारी

४१. **मतदानको तयारी:** (१) मतदान हुने दिन मतदान प्रारम्भ हुनुभन्दा अघि मतदान केन्द्रमा मतदान सम्बन्धी सबै व्यवस्थाको प्रबन्ध पूरा भए नभएको मतदान अधिकृतले देहाय बमोजिम निरीक्षण गर्नु पर्नेछ:-

(क) मत सङ्केत गर्ने गोप्य स्थान र सो स्थानमा मतपत्रमा रेजा (√) चिन्ह लगाउने टेबुल ठीक छ, छैन,

(ख) मतदान गर्ने गोप्य स्थानको छेकाबारा बाहिरपट्टि टेबुलमा मत सङ्केत गर्ने डटपेन राखिएको छ छैन, सो डटपेनले रेजा (√) चिन्ह लगाउने अवस्थाको छ, छैन,

(ग) मतदान गर्ने गोप्य स्थान नजिकै बाहिरपट्टि मतपेटिका राख्ने टेबुल र सोमा मतदान गर्ने मतपेटिका राखिएको छ, छैन,

(घ) रेजा (√) चिन्ह लगाउने डटपेनहरु पर्याप्त मात्रामा छ, छैन,

(ङ) मतपेटिका राखेको ठाउँको नजिक नै मतदान अधिकृत बस्ने ठाउँ ठीक अवस्थामा छ, छैन,

(च) मतदान केन्द्रको बाहिरी भागमा महिला वा पुरुष मतदाताको लागि अलग अलग पङ्क्तिबद्ध हुन सक्ने व्यवस्था गरिएको छ, छैन र महिला वा पुरुष लेखिएको कार्ड टाँसेको वा झुण्ड्याइएको छ, छैन,

(छ) मतदान गर्ने मतदाताको क्रमसङ्ख्या स्पष्ट देखिने सूचना मतदाता पङ्क्तिबद्ध हुने ठाउँमा झुण्ड्याइएको वा टाँसिएको छ, छैन,

(ज) पङ्क्तिबद्ध भएका मतदाता मतदान कक्षमा प्रवेश गर्ने प्रवेशस्थलमा मतदाताको नाम रुजु गर्ने, चिनो लगाउने र मतदातालाई मतपत्र दिने सहायक मतदान अधिकृत, कर्मचारी र स्वयंसेवक बस्ने ठाउँ ठीक अवस्थामा छ, छैन,

(झ) गर्भवती, अशक्त, वृद्ध, बिरामी, कृयापुत्री, सुत्केरी मतदाताको लागि विश्राम गर्ने ठाउँको व्यवस्था छ, छैन,

(ञ) मतदान गरिसकेको व्यक्ति पुनः मतदान कक्षतर्फ फर्कन नसक्ने गरी बाहिर निस्कने व्यवस्था मिलाइएको छ, छैन,

(ट) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मतदान गरिसकेपछि मतदाता बाहिर निस्कने ठाउँमा सुरक्षाको प्रबन्ध छ, छैन,

(ठ) उम्मेदवार वा मतदान प्रतिनिधि वा निर्वाचन प्रतिनिधि बस्ने स्थान ठीक छ, छैन,

(ड) मतदान केन्द्रमा मतदान हुने निर्वाचनको लागि मतदाता नामावली ठीक छ, छैन,

(ढ) मतदान केन्द्र भित्र कुनै उम्मेदवारको कुनै किसिमको प्रचार सामाग्री छ, छैन,

(ण) निर्वाचन हुने पदको लागि प्रतिस्पर्धा गर्ने सबै उम्मेदवारको मतपत्र छ, छैन ।

(२) उपदफा (१) को खण्ड (ढ) बमोजिम निरीक्षण गर्दा मतदान केन्द्रभित्र कुनै उम्मेदवारको कुनै किसिमको प्रचार प्रसार सामाग्री भएको पाइएमा त्यस्तो सामाग्री तुरुन्त हटाउनु पर्नेछ ।

४२. **मतपेटिका सम्बन्धी व्यवस्था:** (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानका लागि एउटा मतपेटिका राख्नु पर्नेछ । त्यस्तो मतपेटिकामा मतदान अधिकृतले मतदान कार्य प्रारम्भ हुनुभन्दा पहिले नै मतदान केन्द्रको नाम, मतपेटिकाको क्रम उल्लेख भएको स्टिकर मतपेटिकाको बाहिरी भागमा टाँसी त्यसमा क्रम उल्लेख गरी आफ्नो दस्तखत समेत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको मतपेटिका मतपत्रले भरिएमा मतदान अधिकृतले उपदफा (१) बमोजिमको रित पुऱ्याई अर्को मतपेटिका राख्नु पर्नेछ । यसरी थप गरिएको मतपेटिकामा समेत मतपेटिकाको क्रम क्रमशः उल्लेख गर्नु पर्नेछ ।

**उदाहरणार्थ:** मतदान केन्द्रमा मतदानका लागि एउटा मात्र मतपेटिका प्रयोग भएकोमा क्रम एक, दुईवटा प्रयोग भएकोमा क्रम दुई र तीनवटा प्रयोग भएकोमा तेस्रो मतपेटिकामा क्रम तीन लेख्नु पर्नेछ । यसरी क्रम लेख्दा त्यस्तो स्टिकरमा मतपेटिकाको क्रम जनाउने निर्दिष्ट कोठा नभएमा मार्करले लेखी मतदान अधिकृतले दस्तखत गर्नु पर्नेछ ।

४३. **रित्तो मतपेटिका बन्द गर्ने:** (१) मतदान अधिकृतले मतदान सुरु हुनुभन्दा अघि रित्तो मतपेटिका उम्मेदवार वा निजका प्रतिनिधिलाई देखाई सो मतपेटिका दुरुस्त तथा रित्तो भए नभएको जाँच गरी मतपेटिकाको ढकनी (बिर्को) मा रहेको मतपत्र खसाल्ने प्वाल मात्र खुला रहने गरी मतपेटिका बन्द गरी मुचुल्का गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपेटिका बन्द गर्दा उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा सुरक्षणसिल वा लाहाछाप लगाई बन्द गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतपेटिका बन्द गर्दा सुरक्षणसिल प्रयोग गर्ने भए सुरक्षणसिल नम्बरलाई मुचुल्कामा उल्लेख गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिलाई सहीछाप गर्न लगाई मतदान अधिकृतले दस्तखत गर्नु पर्नेछ । त्यसरी प्रयोग भएका सुरक्षणसिलका नम्बरहरू मतदान अधिकृतले आफ्नो पोलबुकमा टिपोट गर्नु पर्नेछ र उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले टिपोट गर्न चाहेमा टिपोट गर्न दिनु पर्नेछ ।

४४. **मतपत्रको सिलबन्दी प्याकेट खोल्ने:** (१) मतदान हुने दिन मतदान शुरु हुनुभन्दा अघि मतदान अधिकृतले सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपत्रको सिलबन्दी प्याकेट खोल्नु पर्नेछ र त्यसरी सिलबन्दी प्याकेट खोलेको व्यहोराको मुचुल्का तयार गर्नु पर्नेछ । सो मुचुल्कामा सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई मतदान अधिकृतले दस्तखत गरी राख्नुपर्नेछ ।

४५. **परिचयपत्र लगाउनु पर्ने:** मतदान अधिकृत, सहायक मतदान अधिकृत, निर्वाचनमा खटिएका अन्य कर्मचारी, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि र स्वयंसेवकले निर्वाचन समितिले उपलब्ध गराएको परिचयपत्र देखिने गरी लगाउनु पर्नेछ ।

## परिच्छेद-१२

## मतदान प्रारम्भ

४६. **मतदान प्रारम्भ गर्ने:** (१) मतदान अधिकृतले मतदान हुने दिन निर्धारित समयमा मतदान प्रारम्भ गर्नु पर्नेछ ।

(२) मतदान प्रारम्भ हुने निर्धारित समयमा मतदान गर्न मतदाता उपस्थित भएमा वा नभएमा पनि मतदान अधिकृतले मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतदान प्रारम्भ भएको भनी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई आफूले समेत दस्तखत गरी मुचुल्का गराई राख्नु पर्नेछ ।

४७. **मतपत्रमा दस्तखत गर्ने:** (१) मतपत्रमा प्रमुख निर्वाचन अधिकृत र अन्य दुई जना निर्वाचन अधिकृतले मतपत्रमा दस्तखत गर्नु पर्नेछ ।

(२) निर्वाचन समितिको कार्यालयबाट बुझी लिएको मतपत्रलाई मतदान अधिकृतले मतपत्रको सिलबन्दी प्याकेट खोलिएको सम्पूर्ण मतपत्र आफ्नो जिम्मामा राख्नु पर्नेछ र मतपत्रमा सही गर्नको लागि निर्देशित ठाउँमा निर्वाचन समितिको कार्यालयमा दिएको दस्तखत नमुना बमोजिम आफ्नो दस्तखत गर्नु पर्नेछ ।

तर सबै मतपत्रमा एकै पटक दस्तखत नगरी आवश्यकता अनुसार गर्दै जानुपर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतपत्रमा दस्तखत गर्दा दस्तखतको छाप लगाउनु हुँदैन ।

(४) मतदान अधिकृतले आफूले दस्तखत गरेका मतपत्र मतदातालाई प्रदान गर्नको लागि सहायक मतदान अधिकृतलाई आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ । यसरी दस्तखत गरेका सबै मतपत्र सहायक मतदान अधिकृतलाई एकै पटक उपलब्ध गराउनु हुँदैन ।

(५) उपदफा (२) बमोजिम मतदान अधिकृतले मतदातालाई उपलब्ध गराउन सहायक मतदान अधिकृतलाई उपलब्ध गराएका सबै मतपत्रको छुट्टै लगत राख्नु पर्नेछ ।

(६) मतदान अधिकृतले दस्तखत गरेको मतपत्र मात्र मतदान गर्नको लागि उपस्थित मतदातालाई प्रदान गर्नु पर्नेछ ।

४८. **मतदाताको नाम जाँच गरी रुजु गर्ने:** (१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले मतदाता परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा समावेश भएको छ, छैन र मतदाता नामावलीमा भएको व्यहोरासँग भिड्छ, भिड्दैन सो जाँच गर्नुपर्नेछ । यसरी जाँच गर्दा मतदाताको नाम, थर र मतदाता परिचयमा उल्लेखित व्यहोरा आदि सोधी जाँच गर्दा मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत वा निजले खटाएको कर्मचारी विश्वस्त भएमा निजलाई मतपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको व्यहोरामा लेखाई वा छपाईको सानोतिनो भूलचुक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा विश्वस्त भएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतपत्र दिनेव्यवस्था गर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि “सानोतिनो भूलचुक” भन्नाले मतदाता नामावलीमा सम्बन्धित व्यक्तिको नाम, थर वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटि सम्झनु पर्छ ।

(३) उपदफा (१) बमोजिम जाँच गर्दा कुनै व्यक्ति अन्य व्यक्तिको नाममा मतदान गर्न आएको आशंका भएमा वा त्यस्तो व्यक्तिको विरोधमा उजुरी परेमा त्यस्तो व्यक्तिलाई तत्काल मतपत्र नदिई छुट्टै राखी मतदान अधिकृतले जाँच गर्नु पर्नेछ । सो अवधिमा मतदान प्रक्रियालाई

सुचारु गरी मतदान अधिकृतले गर्ने जाँचबुझबाट निज वास्तविक मतदाता भएको ठहरेमा निजलाई मतपत्र दिई मतदान गर्न दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा त्यस्तो व्यक्तिले नाम ढाँटी आएको ठहरेमा मतदान अधिकृतले निजलाई मतदान स्थानबाट निकाली निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम कारवाहीका लागि पठाउनु पर्नेछ ।

(५) उपदफा (१), (२) वा (३) बमोजिम मतदातालाई मतपत्र दिएपछि मतदाता नामावलीमा रहेको निजको नामको अगाडि रेजा (√) चिन्ह लगाई निजको नामको पछाडि निज मतदातालाई सही गराउनु पर्नेछ ।

४९. **मतपत्रको अधकट्टीमा मतदाताको सहीछाप गराउने:** मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदातालाई मतपत्र दिनुभन्दा पहिले निजलाई प्रदान गरिने मतपत्रको अधकट्टीको माथिको भागमा तोकिएको स्थानमा सम्बन्धित मतदाताको विवरण भरी मतदाताको सहीछाप गराई मतपत्र दिनु पर्नेछ ।

५०. **मतपत्र दिने:** (१) मतदाता नामावलीमा नाम रुजु भई सहीछाप गरेको मतदातालाई सहायक मतदान अधिकृत वा मतदान अधिकृतले तोकेको कर्मचारीले रित पुऱ्याई मतपत्र दिनु पर्नेछ ।

(२) मतदातालाई मतदानका लागि मतपत्र दिँदा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी दस्तखत भएको मतपत्र मात्र दिनु पर्नेछ । मतदाताले पनि मतपत्र लिँदा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी लिनु पर्नेछ ।

५१. **मतदान गर्ने:** (१) मतदानका लागि मतपत्र लिएको मतदाताले मतपत्रलाई आफुले रुजु गरी लिई मत सङ्केत गर्ने गोप्य स्थानमा जानु पर्नेछ ।

(२) मतदाताले मतदानका लागि गोप्य कक्षमा गई मतपत्रमा जुन पदको लागि जतिजना निर्वाचित गर्नु पर्ने हो आफूले इच्छाएको वा रोजेकाले त्यति नै जना उम्मेदवारको नामको अगाडि रहेको कोष्टमा रेजा (√) चिन्ह लगाउनु पर्नेछ । त्यसरी मत सङ्केत गरेको छोपिने गरी सो मतपत्र पट्याउनु पर्नेछ र पट्याउँदा मसी नलत्पतिने गरी पट्याउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदाताले मतदान गरेको मतपत्रमा मतदान गरेको अन्य कुनै व्यक्तिलाई देखाउनु हुँदैन ।

(४) मतदाताले मत सङ्केत गर्ने गोप्य स्थानबाट बाहिर आई उपदफा (२) बमोजिमको मतपत्र मतपेटिका भित्र खसाल्नु पर्नेछ ।

५२. **मतदान गरेको मतदातालाई बाहिर पठाउने:** मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मतदान गरिसकेको मतदातालाई मतदान कक्षतिर फर्किन नमिल्ने गरी तुरुन्त बाहिर जाने व्यवस्था मिलाउनु पर्नेछ ।

५३. **मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिने:** मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मत सङ्केत गर्ने गोप्य स्थान वा मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिनु पर्नेछ ।

तर अशक्त मतदाताको साथमा जान अनुमति दिएको व्यक्तिलाई त्यस्तो मतदाताको साथमा मत सङ्केत गर्ने गोप्य कक्षमा प्रवेश गर्न दिइनेछ ।

५४. **मतदान गर्न प्राथमिकता:** मतदान अधिकृतले गर्भवती, अशक्त, बृद्ध, बिरामी, कृयापुत्री, सुत्केरी मतदातालाई मतदान गर्ने काममा प्राथमिकता दिई मतदान गराउने व्यवस्था गर्नु पर्नेछ ।

५५. **मतदाताले नजानेको कुरा सिकाइ दिने:** कुनै मतदाताले मतदान सम्बन्धमा आफूले नजानेको कुरा सोधेमा मतदान अधिकृतले त्यस्तो कुरा सिकाउनु वा बुझाउनु पर्नेछ ।

तर कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने कुरा भन्न कुनै किसिमले सङ्केत गर्नु हुँदैन ।

५६. **अशक्त मतदातालाई सहायता गर्ने:** (१) कुनै कारणले आफैँ मत सङ्केत गर्न नसक्ने भई मतदाताले आफ्नो साथमा आएको एकाघरको परिवारको सदस्यलाई आफूसँग मत सङ्केत गर्ने गोप्य कक्षमा आफूसँगै लैजाने अनुमति मागेमा मतदान अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत सङ्केत गर्ने गोप्य कक्षमा प्रवेश गर्न अनुमति दिनु पर्नेछ ।

तर कुनै पनि उम्मेदवार वा उम्मेदवारका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिलाई त्यस्तो मतदाताको साथ लगाई मत सङ्केत गर्ने गोप्य कक्षमा जाने अनुमति दिनु हुँदैन ।

(२) कुनै मतदाताले आफैँ मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा मतदान अधिकृतले त्यस्तो मतदाताको मतपत्रमा निजको इच्छा अनुसार मत सङ्केत गर्ने काममा सहयोग गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपत्रमा मतसङ्केत गर्न नसक्ने मतदाताको साथमा जाने व्यक्तिले मतदान अधिकृतको रोहवरमा सम्बन्धित मतदाताले भने बमोजिमको मत सङ्केत गर्नु पर्नेछ ।

५७. **मतपत्र बाहेक अन्य पदार्थ मतपेटिकामा खसाल्न नदिने:** मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मतदातालाई मतपेटिकामा मतपत्र बाहेक अन्य कुनै वस्तु खसाल्न दिनु हुँदैन ।

५८. **मतदान केन्द्रबाट मतपत्र बाहिर लैजान वा नष्ट गर्न नदिने:** मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतदान कार्यको लागि खटिएको कर्मचारी वा सुरक्षाकर्मीले मतदान गर्न मतदातालाई उपलब्ध गराएको मतपत्र मतपेटिकामा नखसाली मतदान केन्द्रबाट बाहिर लैजान वा कुनै किसिमले नष्ट गर्न दिनु हुँदैन ।

५९. **नाम ढाँटी मतदान गर्न आएमा विरोध गर्ने:** (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्नको लागि मतपत्र लिन आएमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा सोही मतदान केन्द्रका मतदाताले एक सय रुपैयाँ नगदै धरौटी राखी मतदान अधिकृत समक्ष निवेदन दिई विरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा मतदान अधिकृतले सो सम्बन्धमा आवश्यक प्रमाण बुझी निर्णय गर्नु पर्नेछ र त्यसरी पर्न आएको विरोधको छोटकरी विवरण र सो निर्णय अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिई सोको भर्पाइ गराउनु पर्नेछ । विरोध ठीक नठहरेमा सो धरौटी रकम जफत हुनेछ ।

(४) उपदफा (१) बमोजिमको विरोध ठीक ठहरेमा यसरी नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई मतदान अधिकृतले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम तत्काल कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउने पर्नेछ ।

६०. **मतदाताले फिर्ता दिएको मतपत्रको लगत राख्ने:** कुनै मतदाताले मतदान नगर्ने निश्चय गरी आफूले मतदान गर्न लिएको मतपत्र मतदान अधिकृतलाई फिर्ता दिएमा मतदान अधिकृतले

त्यस्तो मतपत्रको लगत राख्नु पर्नेछ र फिर्ता गरिएको मतपत्रमा फिर्ता गरिएको व्यहोरा जनाई छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

तर मत सङ्केत गरिसकेको मतपत्र फिर्ता दिन आएमा तत्कालै मतपेटिकाभित्र खसाली दिनु पर्नेछ ।

६१. **निविदा मतपत्र सम्बन्धी व्यवस्थाः** (१) कुनै मतदाताले आफ्नो नामबाट अरु कसैले मतपत्र लिइसकेको वा मतदान गरिसकेको र आफू नै वास्तविक मतदाता हो भनी दाबी गर्न चाहेमा निजले मतदान अधिकृत समक्ष आफ्नो परिचय खुल्ने प्रमाण संलग्न राखी निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दाबी गरेमा मतदान अधिकृतले दाबीकर्ताको दाबी बमोजिम निज वास्तविक मतदाता हो होइन भन्ने कुरा बुझ्नु पर्नेछ । दाबीकर्ताले लिखित रुपमा आफ्नो मतदाता परिचयपत्र, नागरिकताको प्रमाणपत्र वा निजको परिचय खुल्ने अन्य प्रमाण प्रस्तुत गरेमा सोको प्रतिलिपि मतदान अधिकृतले लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तुत प्रमाणबाट दाबीकर्ता वास्तविक मतदाता हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा मतदान अधिकृतले सो कुरा जनाई अभिलेख राखी निर्णय गरी त्यस्तो व्यक्तिलाई निविदा मतपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय गरेपछि मतदान अधिकृतले निविदा मतपत्रको लगतमा उल्लेख गर्नु पर्नेछ र लगतमा दावीकर्ताको सहीछाप समेत गराई मतपत्रमा मतदान अधिकृतले सही गर्ने ठाउँको बायाँतिरको खाली ठाउँमा “निविदा मतपत्र” लेखी सो मतपत्र दाबीकर्ता मतदातालाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मतपत्रमा मतदाताले मतसङ्केत गरिसकेपछि सो मतपत्र मतपेटिका भित्र नखसाली निविदा मतपत्र राख्ने छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

६२. **मतदान केन्द्रको निरीक्षण गर्नेः** (१) मतदान अधिकृतले मतदानको अवधिमा देहाय बमोजिमका ठाउँ र कामकोसम्बन्धमा निरीक्षण गर्नु पर्नेछ र त्यहाँ कुनै समस्या रहेछ भने सो समस्याको तत्काल समाधान गरी मतदान कार्य लगातार चालु राख्नुपर्नेछः-

(क) कुनै मतदाता मत सङ्केत गर्ने गोप्य कक्षमा मत सङ्केतको लगाउन आवश्यक समयभन्दा बढी समयसम्म बसे, नबसेको,

(ख) मत सङ्केत गर्ने डटपेन निर्धारित स्थानमा रहे, नरहेको,

(ग) मतपेटिकामा मतपत्र खसाले, नखसालेको,

(घ) मतपेटिका भरिए, नभरिएको,

(ङ) मतपेटिका सुरक्षित अवस्थामा रहे, नरहेको,

(च) मतदाताको नाम रुजु गर्ने स्थानमा र मत सङ्केत गर्ने गोप्य कक्ष बाहिर मतदाताको भिड भए, नभएको,

(छ) मतदान कार्यमा कुनै बाधा भए, नभएको ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा उम्मेदवार वा निजको प्रतिनिधिले चाहेमा परैबाट उक्त निरीक्षण कार्यको अवलोकन गर्न सक्नेछ ।

तर यसरी अवलोकन गराउँदा निजहरूलाई मत सङ्केत गर्ने गोप्य कक्षसम्म जाने गरी अनुमति दिनु हुँदैन ।

६३. **मतदान केन्द्रमा प्रवेश गर्ने मतदातालाई मतदान गर्न दिने:** मतदान अधिकृतले मतदानको लागि तोकिएको समयभित्र मतदान केन्द्रको क्षेत्रभित्र प्रवेश गरी लामबद्ध भइसकेका मतदातालाई मतदान गर्ने समय समाप्त भए तापनि मतदान गर्न अनुमति दिनु पर्नेछ। तर मतदानको लागि निर्धारित समय समाप्त भएपछि कुनै पनि व्यक्तिलाई मतदान केन्द्रभित्र प्रवेश गर्न दिनु हुँदैन।

६४. **मतदानको समय समाप्त नभएसम्म मतदानको कार्य समाप्त गर्न नहुने:** मतदान गर्नको लागि कुनै मतदाता सो मतदान केन्द्रमा उपस्थित नभए तापनि मतदान अधिकृतले मतदानको लागि निर्धारित समय समाप्त नभएसम्म मतदान केन्द्रमा मतदानको कार्य समाप्त गर्नु हुँदैन।

६५. **मतदानको प्रगति विवरण:** मतदान अधिकृतले मतदान सुरु भएको प्रत्येक तीन घण्टामा भएको कुल मतदान सङ्ख्या, मतदान केन्द्रको वस्तुस्थिति, मतदानको प्रतिशत, मतदान गर्नेको सङ्ख्या सहितको मतदानको प्रगति विवरण छिटो साधनद्वारा निर्वाचन अधिकृत समक्ष पठाई आफ्नो पोलबुकमा समेत उल्लेख गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रगति विवरण अनुगमन टोलीमार्फत समेत पठाउन सकिनेछ।

६६. **मतदान केन्द्रमा प्रवेश गर्न अनुमति:** (१) मतदान अधिकृतले देहायका व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिनु पर्नेछः-

(क) मतदाता,

(ख) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) निर्वाचन समितिबाट अनुमति प्राप्त पर्यवेक्षक,

(घ) निर्वाचन समिति वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति,

(ङ) महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको बालबालिका,

(च) शारीरिक रूपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य

(२) मतदान अधिकृतले कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिँदा मतदान कार्यका लागि आवश्यक पर्ने हो, होइन एकिन गरेर मात्र अनुमति प्रदान गर्नु पर्नेछ।

(३) निर्वाचन समिति वा निर्वाचन अधिकृत वा मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न उपदफा (१) को खण्ड (घ) बमोजिम अनुमति दिएको व्यक्तिलाई अनुमति पत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मतदान केन्द्रभित्र प्रवेश गर्न अनुमति पाएका व्यक्तिले मतदान केन्द्रभित्र मोबाइल, क्यामेरा तथा फोटो खिच्ने सामाग्री साथमा लैजान पाउने छैनन्।

६७. **मतदान केन्द्रमा प्रवेश गर्न नदिने:** माथि दफामा मतदान केन्द्रमा प्रबेश गर्न पाउने जुनसुकै कुरा लेखिएको भए तापनि मोबाइल, क्यामेरा तथा फोटो खिच्ने सामाग्री वा कुनै प्रकारको हतियार साथमा लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए तापनि मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिनु हुँदैन।

६८. **मतदानको समय समाप्त हुन लागेको जानकारी गराउने:** मतदानको समय समाप्त हुनु भन्दा तीस मिनेट अगाडि मतदान अधिकृतले मतदाताहरूले स्पष्टसँग सुन्ने गरी मतदानको समय सकिन लागेको जानकारी गराउनु पर्नेछ।

६९. **पोलबुकमा विवरण राख्ने:** मतदान अधिकृतले पोलबुकमा मुख्य मुख्य घटनाको विवरण उल्लेख गरी निर्वाचन अधिकृतको कार्यालयमा बुझाउनु पर्नेछ।

७०. **मतको अभिलेख राख्ने:** मतदान अधिकृतले मतदान कार्य समाप्त भइसकेपछि तथ्याङ्क फारामका आधारमा कति मत खसेको छ सोको विवरण पोलबुकमा उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद-१३

## मतदान कार्य सम्पन्न भएपछि गर्नु पर्ने कार्य

७१. **मतपेटिकाको प्वाल बन्द गर्ने:** (१) मतदान गर्न निर्धारित समय समाप्त भई पङ्क्तिबद्ध सबै मतदाताले मतदान गरिसकेपछि मतदान अधिकृतले सो मतदान केन्द्रमा उपस्थित सबै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गरी सुरक्षण सिल लगाउने भए सिल लगाई वा लाहाछाप लगाई बन्द गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतपेटिकाको प्वाल बन्द गरेको मुचुल्का गर्नु पर्नेछ । त्यस्तो मुचुल्कामा सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराई मतदान अधिकृतले दस्तखत गरी राख्नुपर्नेछ ।

७२. **मतपत्रको फाँटबारी तयार गर्ने:** (१) मतदान अधिकृतले मतदानको काम समाप्त भएपछि मतपत्रको फाँटवारी तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फाँटवारी तयार गरेपछि सो फाँटवारीमा मतदान अधिकृतले दस्तखत गर्नु पर्नेछ र सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराउनुपर्नेछ ।

७३. **कागजात सुरक्षित राख्ने:** (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानको काम समाप्त भएपछि देहायका कागजपत्र र मतपत्रहरू छुट्टाछुट्टै खाममा बन्द गरी लाहाछाप लगाउनु पर्नेछ र सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले पनि आफ्नो लाहाछाप लगाउन चाहेमा लगाउन दिनु पर्नेछः-

(क) मतदान अधिकृतको दस्तखत नभएका मतपत्र,

(ख) मतदान अधिकृतको दस्तखत भएका तर मतदानमा प्रयोग नभएका मतपत्र,

(ग) मतपेटिका बाहिर रहेका मतपत्र,

(घ) मतदाताले मतदान नगरी मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्र,

(ङ) मतदाताको नाम रुजु गरी रेजा (✓) चिन्ह लगाएको मतदाता नामावली,

(च) मतपत्रका अधकट्टी,

(छ) निविदा मतपत्र,

(ज) विरोध गर्ने र विरोध भएको मतदाताको सूची,

(झ) विरोध सम्बन्धी निर्णय किताब,

(ञ) निर्वाचन समिति वा निर्वाचन अधिकृतको निर्देशन अनुसार खाम बन्द गरी लाहाछाप लगाई राख्नु पर्ने अन्य कुनै कागजात ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिमको कागजात खाम बन्द गरी सकेपछि सोको मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराई मतदान अधिकृतले दस्तखत गरी राख्नुपर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिमका कागजात सिलबन्दी गर्दा मतदान भएको संख्या, पोल बुक र मतदान कार्यसँग सम्बन्धित मुचुल्का सिलबन्दी नगरी छुट्टै फाइलमा सुरक्षितसाथ राखी मतपेटिकासँगै निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

## परिच्छेद-१४
## विशेष परिस्थितिमा मतदान स्थगित गर्ने

७४. **मतदान रोक्न सक्ने:** (१) कुनै विशेष वा असामान्य परिस्थिति उत्पन्न भई मतदान कार्य सुचारू हुन नसक्ने अवस्था आएमा मतदान अधिकृतले सूचना प्रकाशन गरी केही समयको लागि समय तोकी मतदान रोक्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र पुनः मतदान कार्य सुचारू गर्न नसकिने अवस्था सिर्जना भएमा मतदान अधिकृतले सो दिनको मतदान दफा ६९ बमोजिम स्थगित गर्न सक्नेछ ।

७५. **मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा:** (१) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई त्यस घटनाको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरिएमा मतदान अधिकृतले मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा उम्मेदवार, निजको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि, सहायक मतदान अधिकृत र सुरक्षा टोलीको प्रमुखको सहीछाप गराई मतदान अधिकृतले दस्तखत गरी राख्नुपर्नेछ ।

(३) मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाई सकेको मतदानको लागि प्रयोग भएको मतपेटिका कुनै किसिमले खोसिएमा, जानाजान तोडफोड गरी नोक्सान भएमा, दुर्घटनावश नोक्सान भएमा वा उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा निर्वाचन समितिले त्यस्तो मतदान केन्द्रको मतदान तुरुन्त रद्द गर्नु पर्नेछ ।

७६. **विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने:** (१) कुनै मतदान केन्द्रमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई, उपद्रव वा प्राकृतिक विपद् वा काबुबाहिरको कुनै परिस्थिति सिर्जना भएको कारणले मतदानको काम हुन नसक्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजले त्यस्तो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगित गर्न सक्नेछ र त्यसरी मतदान स्थगित भएको कारण समेत उल्लेख गरी सोको सूचना सोही स्थानमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि, सहायक मतदान अधिकृत र सुरक्षा टोलीको प्रमुखको सहीछाप गराई मतदान अधिकृतले सहीछाप गरी राख्नुपर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान स्थगित गरेको सूचना तुरुन्त निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतदान स्थगित भएको व्यहोराको जानकारी निर्वाचन अधिकृतले मुख्य निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

७७. **मतदान केन्द्रको अनधिकृत कब्जा:** (१) देहायको अवस्था भएमा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदातालाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदातालाई मतदान गर्न नदिएमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा वा मतदान गर्नको लागि बाटो वा गौँडा छेकी रोकेमा वा मतदान केन्द्रमा वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा

(ग) कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामाग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लिखित कुनै प्रकारले मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगित गरी त्यसरी मतदान स्थगित भएको कारण समेत उल्लेख गरी सोको सूचना सोही स्थानमा प्रकाशन गर्नु पर्नेछ र त्यसको प्रतिवेदन प्रमुख निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई आफूले दस्तखत गरी राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा निर्वाचन समितिको निर्देशनमा निर्वाचन अधिकृतले त्यस्तो घटनाको जाँच गर्न सक्नेछ र त्यस्तो जाँचको प्रतिवेदनको आधारमा निर्वाचन समितिले वा प्रमुख निर्वाचन अधिकृतको निर्देशन अनुसार मतदान अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

७८. **मतदान स्थगित गर्दा विशेष ध्यान दिनु पर्नेः** (१) मतदान केन्द्रमा बलजफ्ती, हुलहुज्जत वा झैझगडा भई मतदान कार्य बिथोलिने अवस्था हुने भएमा मतदान अधिकृतले समाधानको लागि सुरक्षाकर्मीको सहयोग लिनु पर्नेछ । सुरक्षाकर्मीको सहयोग लिँदा समेत मतदान कार्य सुचारू गर्न सम्भव नभएमा मात्र मतदान कार्य स्थगित गर्नु पर्नेछ ।

(२) कुनै प्राकृतिक विपद् वा काबु बाहिरको कुनै कारणले मतदान गराउन असम्भव भएमा मतदान कार्य स्थगित गर्नु पर्नेछ । थोरै समय परेको पानी वा हावाहुरी जस्ता सामान्य कारणबाट मतदान स्थगित गर्नु हुँदैन । कुनै पनि अवस्थामा मतदान कार्य गराउन सम्भव नदेखिएमा मात्र मतदान स्थगित गर्नु पर्नेछ

(३) मतदान अधिकृतले मतदान स्थगित गर्दा के कारणले स्थगित गरिएको हो सोको जानकारी तत्काल प्रमुख निर्वाचन अधिकृतलाई गराउनु पर्नेछ । मतदान स्थगित गर्नु परेमा मतदान केन्द्रमा उपस्थित सबैको जानकारीको लागि सार्वजनिक सूचना जारी गरी निर्वाचन समितिद्वारा तोकिएको दिन अर्को मतदान हुने कुराको समेत जानकारी गराउनु पर्नेछ ।

(४) मतदान स्थगित गरिएमा पनि मतपेटिका सिलबन्दी गरी सबै सामाग्री प्रक्रियाबमोजिम बन्द गरी सुरक्षित राख्ने कार्य उम्मेदवार वा निजका प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

७९. **पुनः मतदानको व्यवस्थाः** (१) मतदान रद्द वा स्थगित भएको अवस्थामा निर्वाचन समितिले सो मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी सूचना तयार गरी आफ्नो कार्यालयमा र मतदान स्थगित गरिएको मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः मतदान हुने मिति र समय तोक्नुभन्दा पहिले निर्वाचन समितिले त्यस्तो मतदान केन्द्रमा खटाउने मतदान अधिकृत, कर्मचारी, मतपत्रसहितका आवश्यक मतदान सामाग्रीको व्यवस्था गरी पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम हुने पुनः मतदानको लागि मतदान अधिकृत, सहायक मतदान अधिकृत वा अन्य कर्मचारी खटाउँदा पहिले खटिएको अन्यलाई खटाउन सक्नेछ ।

८०. **गिरफ्तार गर्न सकिने:** मतदान अधिकृतले निर्वाचनको कार्यमा अवरोध गर्ने वा गराउने व्यक्तिलाई गिरफ्तार गराउन सक्नेछ ।

## परिच्छेद-१५
## मतदान केन्द्रबाट प्रस्थान

८१. **मतपत्र भएको मतपेटिका र साथमा रहन सक्ने व्यक्ति:** (१) मतदान कार्य समाप्त भइसकेपछि मतदान अधिकृतले सिलबन्दी गरिएको मतपेटिका र मतदान सम्बन्धी अन्य कागजात साथमा लिई यथासम्भव छिटो सुरक्षितसाथ निर्वाचन समितिको कार्यालयतर्फ प्रस्थान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृतले मतदान केन्द्रबाट मतपेटिका लिएर निर्वाचन समितिको कार्यालयतर्फ जाँदा उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि मतपेटिकाको सुरक्षाको लागि मतदान अधिकृतसँगै जान चाहेमा मतदान अधिकृतले सम्भव भएसम्म आफूसँग आउन दिन सक्नेछ र बास बस्नुपर्ने अवस्थामा मतपेटिका राखेको कोठा बाहिर बस्न चाहेमा बस्नको लागि अनुमति दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाने उम्मेदवार वा प्रतिनिधिले आफ्नो व्यवस्था आफै गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मतदान अधिकृतसँग साथमा आउने व्यक्तिलाई कुनै अवस्थामा पनि मतपेटिका समाउन वा छुन दिनु हुँदैन ।

८२. **निर्वाचन समितिलाई मतपेटिका र मतदान सामाग्री बुझाउनु पर्ने:** (१) मतदान अधिकृतले मतदान केन्द्रबाट ल्याएको मतपेटिका, प्रयोग नभएका मतपत्र र खामबन्द गरिएको सम्पूर्ण कागजात तथा अन्य निर्वाचन सामाग्रीको विवरण उल्लेख गरी निर्वाचन समितिलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सामाग्री प्राप्त भए पछि निर्वाचन समितिको कार्यालयले रुजु गरी त्यस्तो सामाग्री बुझ्नु पर्नेछ ।

(३) मतपेटिका ल्याउँदा बाटोमा मतपेटिकाको सुरक्षणसिल चुँडिएको देखिएमा मतदान अधिकृतले त्यसको प्रतिवेदन निर्वाचन समितिलाई दिनु पर्नेछ र निर्वाचन समितिले पनि मतदान अधिकृतसँगै आएको उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिबाट समेत सो कुराको जानकारी वा प्रतिवेदन लिन सक्नेछ ।

८३. **मतपेटिका बन्द गरेको बिर्कोको सुरक्षणसिल वा लाहाछाप चुँडिएमा:** मतपेटिका बन्द गरेको बिर्कोको सुरक्षणसिल वा लाहाछाप कसैले चुँडाएको प्रमाणित भएमा वा आशङ्का लागेमा निर्वाचन समितिको निर्देशन बमोजिम हुनेछ ।

## परिच्छेद-१६
## मतदान सम्बन्धी विविध व्यवस्था

८४. **मतदान अधिकृतको अशक्ततामा काम गर्ने:** (१) मतदान केन्द्रमा मतदान अधिकृत कुनै कारणबाट अशक्त भई मतदान कार्य सुचारू रूपले सञ्चालन गर्न असमर्थ रहेको अवस्थामा सहायक मतदान अधिकृतले सो कुराको जानकारी निर्वाचन समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा मतदान केन्द्रमा खटिएका सहायक मतदान अधिकृत, सहायक कर्मचारी, उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा निज मतदान अधिकृत अशक्त भई काम गर्न नसकेको हो भनी मुचुल्का गराई सो मुचुल्कामा सहायक मतदान अधिकृत, सहायक कर्मचारी र उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मुचुल्का गराएपछि सहायक मतदान अधिकृतले मतदान अधिकृतलाई भए सरहको अधिकार प्रयोग गरी मतदान कार्य सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्य गर्दा मतदान अधिकृतले मतपत्रमा दस्तखत गरी सकेको अवस्थामा सो मतपत्र मतदातालाई वितरण गरिसकेपछि मात्र अन्य मतपत्रमा आफूले दस्तखत गर्नु पर्नेछ। यसरी दस्तखत गर्दा उपदफा (२) बमोजिमको मुचुल्कामा गरेको नमुना बमोजिमको दस्तखत गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको मुचुल्का र उपदफा (४) बमोजिमको दस्तखतको नमुना फाराम मतदान कार्य सम्पन्न भई निर्वाचन समितिको कार्यालयमा मतपेटिका बुझाउँदा छुट्टै बुझाउनु पर्नेछ ।

८५. **निर्वाचन सम्बन्धी कानूनको जानकारी राख्नु पर्नेः** मतदान अधिकृतले निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका वा समितिले समय समयमा जारी गरेका आदेश तथा निर्देशनको समेत जानकारी राख्नु पर्नेछ

८६. **निर्वाचन आचारसंहिता पालना गर्न लगाउने:** मतदान अधिकृतले निर्वाचन आचार संहिताको बारेमा जानकारी लिई उल्लिखित आचारसंहिता पालना भए नभएको विषयमा बुझी आचार संहिता पालना गर्न लगाउनु पर्नेछ ।

८७. **मतदान कार्यको पर्यवेक्षण गर्न दिने:** मतदान अधिकृतले निर्वाचन समितिबाट निर्वाचन पर्यवेक्षणका लागि अनुमति पाएका निर्वाचन पर्यवेक्षकलाई मतदान केन्द्रको पर्यवेक्षण गर्न दिनु पर्नेछ । तर पर्यवेक्षकहरूलाई मत सङ्केत गर्ने स्थान तथा मतपेटिका रहेका ठाउँमा जान दिनु हुँदैन ।

८८. **मतदाताको दायित्वः** निर्वाचनमा मतदान गर्ने मतदाताले देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र लिएर जाने,

(ख) मतपत्रमा मतदान अधिकृतको सही भए नभएको यकिन गरी मतपत्र लिने,

(ग) मतदान गर्दा सही ढङ्गबाट मतदान गर्ने,

(घ) मतदान केन्द्रमा होहल्ला नगर्ने,

(ङ) मतदान केन्द्रमा मतदानको लागि आउने अशक्त, वृद्ध, सुत्केरीलाई आवश्यक सहयोग गर्ने,

(च) मतदान गर्न जाँदा मोबाइल, क्यामेरा तथा फोटो खिच्ने कुनै उपकरण वा सामाग्री साथमा लिएर नजाने,

(छ) मतदान केन्द्रमा जाँदा मास्क लगाएर जाने,

(ज) मतदान गर्न जानु अघि साबुन पानीले हात धोएर जाने,

(झ) शान्तिपूर्ण रुपमा मतदान कार्य सम्पन्न गर्नका लागि आवश्यक सहयोग गर्ने ।

८९. **उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि उपस्थित नभएमाः** (१) निर्वाचन सम्बन्धी कुनै कार्यमा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि नियुक्त नभएमा वा कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि उपस्थित हुनुपर्नेमा निज

उपस्थित नभएमा सोही कारणले मात्र मतदान वा सोसँग सम्बन्धित काम कारबाही गर्न कुनै बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको अवस्थामा सम्बन्धित मतदान अधिकृतले सम्बन्धित मुचुल्कामा सोही व्यहोराको कैफियत खुलाई सो स्थानमा रहेका कर्मचारी र उपलब्ध भएसम्म दुई जना अन्य व्यक्तिको सहीछाप गराई आफूले प्रमाणित गरी राख्नु पर्नेछ ।

## परिच्छेद-१७

## मतगणना व्यवस्थापन सम्बन्धी व्यवस्था

९०. **मतगणना सम्बन्धी निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारः** मतगणनाको सन्दर्भमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतगणना गर्ने स्थानको व्यवस्था गर्ने,

(ख) मतगणना कार्यमा खटिने कर्मचारी तथा निर्वाचन पर्यवेक्षकको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

(ग) मतगणनाका लागि आवश्यक जनशक्तिको व्यवस्था गरी गणना सम्बन्धी विषयमा अभिमुखीकरण गर्ने,

(घ) मतगणना स्थलमा आवश्यक सामाग्री, खानेपानी, बत्ती, सुरक्षा आदिको प्रबन्ध मिलाउने,

(ङ) मतगणना कार्य सुरु गर्नु अगावै उम्मेदवार वा निजका प्रतिनिधिको बैठक राखी मतगणना सम्बन्धी कानूनी व्यवस्थाका बारेमा जानकारी गराउने तथा आवश्यक छलफल गरी मतगणना कार्यलाई सहज बनाउन वातावरण मिलाउने,

(च) सम्बन्धित स्थानीय तहका सबै मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने,

(छ) मतगणनाको सम्बन्धमा तयार गर्नु पर्ने फाराम तथा मुचुल्का जस्ता कागजात तयार गरी, गराई अभिलेख राख्ने,

(ज) मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गर्ने,

(झ) मतगणना परिणामको विवरण कार्यकारिणी समितिलाई पठाउने,

(ञ) निर्वाचन सञ्चालनको मतदान, मतगणना कार्यका लागि आवश्यक रकम खर्च लेखी सोको अभिलेख राख्ने ।

९१. **मतगणनाको लागि टोली गठन गर्नेः** (१) निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले मतगणना कार्यको प्रति सिफ्टको लागि आवश्यकतानुसारको मतपत्र र मतगणना जनशक्तिको टोली गठन गर्न सक्नेछ । निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले मतगणना जनशक्तिको टोली गठन गर्दा देहाय बमोजिम रहने गरी गठन गर्न सक्नेछ ।

(क) प्रमुख मतगणना अधिकारी वा अधिकृत - एक जना

(ख) मतगणना अधिकारी - एक जना

(ग) मतगणना सहायक - दुई जना

(घ) गणक (कम्प्युटर अपरेटर-१, सहायक कर्मचारी-२) - तीन जना

(ङ) सहयोगी (कार्यालय सहयोगी/पाले वा सो सरह) - एक जना

(च) निजी सुरक्षा अधिकारी (पिएसओ) - एक जना

(२) निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले गणना गर्नु पर्ने मतपत्र, उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतको आधारमा एकैपटक दुई वा सोभन्दा बढी मतगणना टोली गठन गरी मतगणना गर्न सक्नेछ ।

(३) प्रमुख मतगणना अधिकारी सबै सिफ्ट र टोलीको मतगणना कार्यमा संलग्न रहनु पर्नेछ ।

(४) निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले मतगणना स्थलको सुरक्षाका लागि स्थानीय प्रशासनसँग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

९२. **मतपेटिका सङ्कलन गर्ने व्यवस्था मिलाउने:** (१) निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले सुरक्षा निकायसँग समन्वय गरी मतदान सम्पन्न भएपछि मतपेटिका व्यवस्थित एवं सुरक्षित रूपमा सङ्कलन गर्ने सम्बन्धमा पूर्व योजना बनाई सो योजना सम्बन्धमा सम्बन्धित मतदान अधिकृतहरूलाई समेत जानकारी गराउनु पर्नेछ ।

(२) निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले मतदान कार्य समाप्त भएपछि मतदान केन्द्रबाट मतपेटिका सुरक्षित रुपमा मतगणना स्थलमा सङ्कलन गर्ने र मतपेटिका बुझी सुरक्षितसाथ राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-१८

## मतगणना

९३. **मतगणना गरिने स्थान तोक्ने:** (१) निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतलले मतदान हुने दिन भन्दा अगावै मतगणना गरिने स्थान तोकी सोको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको स्थानमा मतगणना गर्न अपर्याप्त भएमा वा सुरक्षाको दृष्टिले मतगणना गर्न नसकिने भएमा निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले सो स्थानलाई स्थानास्तरण गरी उपयुक्त स्थानमा मतगणना गर्ने गरी स्थान तोक्न सक्नेछ ।

९४. **सङ्कलित मतपेटिका राख्ने तथा मतगणना गर्ने स्थानको व्यवस्था गर्ने:** (१) निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले मतदान अधिकृतले ल्याएका मतपेटिका बुझिलिनुअघि मतपत्र भएको मतपेटिका सुरक्षित रूपमा राख्ने स्थान तथा मतगणना गर्ने स्थानको आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुरक्षा प्रबन्ध मिलाउनको लागि निर्वाचन अधिकृतले स्थानीय प्रशासन र आवश्यकता अनुसार सुरक्षा निकायकोसमेत सहयोग लिन सक्नेछ ।

९५. **मतपेटिका सङ्कलन गर्ने:** (१) निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले मतदान अधिकृतबाट प्राप्त मतदान भएका मतपेटिका तथा अन्य निर्वाचन सामाग्री बुझिलिन र त्यसको भरपाई गरिदिन आवश्यक कर्मचारी खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी खटाउँदा निर्वाचन समितिको कार्यालयमा खटिएका अन्य कर्मचारीलाई प्राथमिकता दिई खटाउनु पर्नेछ ।

(३) निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले मतदान अधिकृतले बुझाएका मतपेटिका सङ्कलन गरी एकै स्थानमा सुरक्षित रूपमा राखी मतपेटिका राखेको कोठाको झ्याल र ढोकामा बलियो चुकुल तथा ताला लगाई लाहाछाप समेत लगाउनु पर्नेछ । सो स्थानमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले आफ्नो लाहाछाप लगाउन चाहेमा सो समेत लगाउन दिनु पर्नेछ । त्यसरी लाहाछाप लगाएको मुचुल्का गरी त्यसमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधिको सहीछाप गराई प्रमुख निर्वाचन अधिकृतले दस्तखत गरी राख्नुपर्नेछ ।

(४) मतपेटिका राखेको कोठामा झ्याल र ढोका बाहेक अन्य किसिमका ठूला प्वाल वा खुला ठाउँ भए त्यसलाई समेत बन्द गरी सुरक्षाको भरपर्दो प्रबन्ध मिलाउनु पर्नेछ ।

(५) मतपेटिका राखेको कोठा बाहिर उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधिलेबस्न चाहेमा प्रमुख निर्वाचन अधिकृतले सो कुराको अनुमति दिनु पर्नेछ ।

(६) मतगणनाको लागि मतपेटिका राखेको कोठा खोल्नु परेमा उपदफा (३) बमोजिम लगाएको लाहाछाप जाँच गर्नु पर्नेछ र लाहाछाप सबुद अवस्थामा रहेको पाइएमा लाहाछाप तोडी कोठा खोलेको मुचुल्का गर्नु पर्नेछ । त्यस्तो मुचुल्कामा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधिको सहीछाप गराई प्रमुख निर्वाचन अधिकृतले दस्तखत गरी राख्नु पर्नेछ ।

९६. **मतगणना प्रारम्भ हुने सूचना प्रकाशन गर्ने:** (१) मतदान केन्द्रबाट मतदानको लागि प्रयोग भएका सबै मतपेटिका प्राप्त भएपछि प्रमुख निर्वाचन अधिकृतले मतगणना गर्ने मिति र समय उल्लेख गरी आफ्नो कार्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

तर सम्बन्धित कुनै मतदान केन्द्रमा पुनः मतदान हुने भएमा त्यसरी पुनः मतदान भएको मतदान केन्द्रको मतपेटिका मतगणनास्थलमा प्राप्त नभएसम्म अन्य मतदान केन्द्रको मतगणना कार्य सुरु गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको सूचनामा उम्मेदवारले मतगणना गर्ने स्थानमा आफ्नो मतगणना प्रतिनिधि राख्न चाहेमा त्यस्तो प्रतिनिधि नियुक्त गरी पठाउनु पर्ने कुरा समेत उल्लेख गर्नु पर्नेछ ।

९७. **मतगणनाको लागि कर्मचारीको प्रबन्ध गर्ने:** (१) प्रमुख निर्वाचन अधिकृतले सबै मतदान केन्द्रमा मतदान कार्य सम्पन्न भई मतदान भएका सबै मतपेटिका प्राप्त भइसकेपछि मतगणना गर्ने कर्मचारीको प्रबन्ध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना कार्यमा खटिने कर्मचारीलाई प्रमुख निर्वाचन अधिकृतले मतगणना सम्बन्धी कार्यका बारेमा अभिमुखीकरण गर्नु पर्नेछ ।

९८. **मतगणना गर्ने स्थानको व्यवस्था:** (१) प्रमुख निर्वाचन अधिकृतले एउटै कोठा वा ठाउँमा मतगणना गर्ने व्यवस्था गर्नु पर्नेछ । एउटै कोठा वा ठाउँमा मतगणना गर्नको लागि पर्याप्त स्थान नपुगेमा सोही भवनको अर्को कोठा वा ठाउँमा समेत मतगणना गर्न सकिनेछ ।

तर त्यसरी मतगणना गर्दा छुट्टाछुट्टै भवनमा गर्नु हुँदैन ।

(२) प्रमुख निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा पर्याप्त प्रकाश वा बत्तीको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) सम्बन्धित व्यक्तिलाई समय समयमा मतगणनाको प्रगति र नतिजाको जानकारी गराउनको लागि मतगणना गर्ने स्थानमा सूचना पाटी तथा माइक आदिको यथोचित व्यवस्था समेत गर्नु पर्नेछ ।

९९. **मतगणना प्रतिनिधिको नियुक्ति:** (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणना गर्ने स्थानमा उम्मेवारको प्रतिनिधित्व गर्न र मतगणनाको लागि उम्मेदवारले गर्नुपर्ने काम गर्न मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ । त्यसरी मतगणना प्रतिनिधि नियुक्त गरेको जानकारी निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) मतगणना गर्ने प्रत्येक टोलीमा प्रमुख निर्वाचन अधिकृतले तोके बमोजिमको सङ्ख्यामा मतगणना प्रतिनिधि रहनेछन् ।

तर जतिसुकै उम्मेदवार भए तापनि एउटा मतगणना टोलीमा एकजना मात्र मतगणना प्रतिनिधि रहन सक्नेछ ।

(३) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन परिणाम घोषणा हुनु अगावै हटाएमा बाहेक मतगणना प्रतिनिधिको कार्यकाल निजले प्रतिनिधित्व गरेको उम्मेदवारको निर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहनेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त मतगणना प्रतिनिधिलाई प्रमुख निर्वाचन अधिकृतले वा निजले तोकेको निर्वाचन अधिकृतले परिचयपत्र दिनु पर्नेछ ।

१००. **मतगणना प्रतिनिधिको योग्यताः** दफा ९२ बमोजिम नियुक्त गरिने मतगणना प्रतिनिधि अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको हुनु पर्नेछ वा नेपाल चिकित्सक संघको आजीवन सदस्यता हुनु पर्नेछ ।

१०१. **मतगणना प्रतिनिधिको कर्तव्यः** मतगणना प्रतिनिधिको कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्ने,

(ख) मतगणनाका क्रममा तयार हुने मुचुल्कामा उम्मेदवार वा निर्वाचन प्रतिनिधिको तर्फबाट सहीछाप गर्ने,

(ग) ऐन, नियमावली तथा यस आचार संहिता बमोजिम मतगणना प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्ने ।

१०२. **मतगणना गर्ने स्थानमा प्रवेशः** (१) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा देहाय बमोजिमका व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न अनुमति दिनु हुँदैनः-

(क) मतगणना कार्यमा खटाएका कर्मचारी,

(ख) सुरक्षाको लागि खटिएका सुरक्षाकर्मी,

(ग) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,

(घ) निर्वाचन समितिबाट पर्यवेक्षणको लागि अनुमति प्राप्त व्यक्ति,

(ङ) निर्वाचन समितिबाट खटिएको पदाधिकारी वा अनुमति पाएको कर्मचारी वा अन्य व्यक्ति ।

(२) मतगणना गर्ने स्थानमा प्रवेश गर्न पाउने उपदफा (१) बमोजिमका व्यक्तिलाई प्रमुख निर्वाचन अधिकृतले अनुमतिपत्र प्रदान गरिनेछ ।

१०३. **परिचयपत्र वा अनुमतिपत्र लगाउनु पर्नेः** (१) मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति प्राप्त कर्मचारी वा अन्य व्यक्तिले मतगणना गर्ने स्थानमा रहँदा आफ्नो परिचयपत्र तथा अनुमतिपत्र सबैले देख्ने गरी लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नभएको वा अनुमतिपत्र नपाएको कर्मचारी वा व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न वा उपस्थित हुन दिइने छैन ।

१०४. **लागूऔषध वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई प्रवेश गर्न नदिनेः** निर्वाचन अधिकृतले लागू औषध वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिने छैन ।

१०५. **हातहतियार लिएको व्यक्तिलाई प्रवेश गर्न नदिनेः** निर्वाचन अधिकृतले मतगणना स्थलमा सुरक्षाको लागि खटिएका सुरक्षाकर्मी बाहेक हातहतियार साथमा लिई आएको अन्य व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिने छैन ।

१०६. **निर्धारित समयमा मतगणना प्रारम्भ गर्नेः** (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्न प्रकाशन गरेको सूचनामा उल्लेख गरेको मिति र समयमा सबै उम्मेदवार वा निजको निर्वाचन

प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा मतगणनाको कार्य प्रारम्भ गर्नु, गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्दा मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई निर्वाचन अधिकृतले दस्तखत गरी राख्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नु पर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त नभएसम्म त्यस्तो निर्वाचनसँग सम्बन्धित मतगणना प्रारम्भ गरिने छैन ।

(४) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ हुनु अघि मतगणनास्थलमा उपस्थित कसैले पनि क्यामरा, मोबाइल जस्ता उपकरणहरु साथमा लिन र प्रयोग गर्न नपाउने कुराको जानकारी गराई त्यस्ता उपकरण प्रयोग नगर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

**१०७. मतपेटिका जाँच गर्ने:** (१) मतगणना प्रारम्भ भएको मुचुल्का गरिसकेपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछः-

(क) मतगणना गर्न लागिएको मतपेटिका खोलिएको वा फोरिएको छ, छैन ?

(ख) मतपेटिकामा मतदान केन्द्रको नाम, सुरक्षणसील नम्बर र मतपेटिकाको क्रम उल्लेख गरिएको छ, छैन ?

(ग) मतपेटिकामा लगाएको सुरक्षणसिल दुरुस्त छ, छैन ?

(२) निर्वाचन अधिकृतले मतपेटिका जाँच गरिसकेपछि मतपेटिका जाँच गरेको गर्नु पर्नेछ । यसरी मुचुल्का गर्दा आफूले मतगणनाको काममा खटाएको कर्मचारी, उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको दस्तखत समेत गराउनु पर्नेछ । कुनै उम्मेदवार वा निजको प्रतिनिधिले सो मुचुल्कामा कुनै कैफियत जनाउन चाहेमा जनाउन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपेटिकाको जाँच गर्दा कुनै कैफियत देखिएमा मुचुल्कामा सोही व्यहोरा खुलाई त्यस्तो मतपेटिका सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

(४) कैफियत नदेखिएको मतपेटिकाको मतगणना कार्य समाप्त भएपछि उपदफा (३) बमोजिम कैफियत देखिएका मतपेटिकाको सम्बन्धमा आवश्यक सहमति कायम गरी मतगणना गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सहमति कायम हुन नसकेमा सो सम्बन्धमा प्रमुख निर्वाचन अधिकृतलाई जानकारी गराई प्रमुख निर्वाचन अधिकृतको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

**१०८. मतगणनाको प्रक्रिया:** (१) मतपेटिका जाँचेको मुचुल्का गरिसकेपछि सो मतपेटिकामा लगाएको सुरक्षण सिल वा लाहाछाप तोडी मतपेटिका खोल्नु पर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्र मतगणना गर्ने टेबुल वा स्थानमा खन्याउनु पर्नेछ । मतपत्र खन्याई रित्तो भएको मतपेटिका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खन्याइएका मतपत्र पट्टयाएको अवस्थाबाट सुरक्षितसाथ खोली निर्वाचन चिह्न भएको भाग घोप्ट्याएर चाङ बनाई राख्नु पर्नेछ र सुविधा अनुसार पचास वा एकसय मतपत्रको ठेली बनाई धागो वा रबरले बाँध्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बनाइएका ठेली मतगणना अधिकारीले आफ्नो जिम्मामा राख्नु पर्नेछ र प्रत्येक ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ ।

१०९. **प्रतिनिधिलाई मतपत्र देखाउने:** (१) निर्वाचन अधिकृत वा निजले खटाएको गणक कर्मचारीले मतगणना गर्दा गणना गर्न लागिएको मतपत्र उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले हेर्न चाहेमा देखाउनु पर्नेछ । त्यस्तो मतपत्र कुनै पनि अवस्थामा निजलाई समाउन वा छुन दिनु हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई मतगणना गर्ने स्थानमा मतपत्र देखिने गरी अलग्गै बस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

११०. **मतगणना कार्यको प्रतिवेदन दिने:** प्रमुख निर्वाचन अधिकृत वा निजले तोकेको निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गरिसकेपछि मतगणना कार्यको अद्यावधिक प्रगति विवरण समय समयमा निर्वाचन समितिको कार्यालयमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

१११. **मतगणना:** (१) मतगणनाका लागि छुट्याइएका मतपत्रको ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ ।

(२) यस दफा बमोजिम मतगणना गर्दा एउटा मतपत्रमा उल्लिखित सबै उम्मेदवारले पाएको मतगणना नगरी अर्को मतपत्र गणना गर्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिम गणना गरिएको मतदान केन्द्रको मतगणनाको आधारमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत सङ्ख्या मतगणना फाराममा चढाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तयार गरिएको प्रत्येक उम्मेदवारको मत परिणाम एकीकृत मतगणना फाराममा चढाउनु पर्नेछ ।

(५) मतगणना फाराममा मतसङ्ख्या उल्लेख गर्दा सदर र बदर भएको मतको सङ्ख्या खुलाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम तयार भएको मतगणनाको प्रगति विवरण र सोको परिणाम निर्वाचन अधिकृतले आयोगमा पठाउनु पर्नेछ ।

(७) निर्वाचन अधिकृतले मतगणना कार्यको प्रगति र नतिजाको विवरण सूचना पाटी, माइक आदिको माध्यमबाट सम्बन्धितलाई समय समयमा जानकारी गराउनु पर्नेछ ।

११२. **मतपत्र बदर हुने:** नेपाल चिकित्सक संघ निर्वाचन नियमावली, २०७० ले ताकेको अतिरिक्त मतगणना गर्दा देहाय बमोजिमको मतपत्र बदर हुनेछः-

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) औँठाछाप लगाई वा निर्वाचन समितिद्वारा निर्धारित रेजा (√) चिन्ह बाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरिएको,

(ग) मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको,

(घ) मत संकेत गर्न तोकिएको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी उम्मेदवारको कोठामा छुट्टा-छुट्टै मत सङ्केत गरिएको,

(च) एकभन्दा बढी उम्मेदवारको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,

(छ) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(ज) कुनै पनि उम्मेदवारलाई मत सङ्केत नगरिएको,

(झ) निर्वाचन समिति द्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ञ) मतपेटिकाभन्दा बाहिर राखिएको,

(ट) जाली मतपत्र,

(ठ) मतपत्रभित्र रूपैयाँ, कागज वा अन्य कुनै बस्तुसंलग्न गरेको,

(ढ) पट्टचाइएको एउटा मतपत्रभित्र अरू मतपत्र समेत एकसाथ पट्याएको,

(ण) उम्मेदवारको कोठामा र निर्वाचन चिन्ह रहेको कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मतसङ्केत गरेको,

उदाहरणार्थ : निर्वाचित गर्नु पर्ने सबै वा केही पदमा सही ढङ्गबाट मत सङ्केत गरेको भए तापनि त्यस्तो मत सङ्केतको अतिरिक्त निर्वाचन चिन्ह रहेको कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मत सङ्केत गरेको रहेछ भने त्यस्तो मतपत्र पूरै बदर गर्नु पर्ने ।

(त) निर्वाचन समितिले बदर हुने भनी तोकेको मतपत्र ।

**११३. <u>सम्बन्धित पदको मत बदर हुनेः</u>** (१) दफा १०५ मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै कागजको सिटमा एक भन्दा बढी पदको मतपत्र रहेको र कुनै पदको मतपत्रबाट एकजना उम्मेदवार मात्र निर्वाचित हुने अवस्थामा जुन पदको मतपत्र बदर हुने हो त्यस्तो मतपत्र मात्र बदर गरी अन्य पदको मतपत्र सदर हुने अवस्थाको भएमा सदर गरी मत गणना गर्नु पर्नेछ ।

(२) कुनै पदको लागि निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी उम्मेदवारको कोठामा वा निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी हुने गरी उम्मेदवारको कोठा छुट्टा छुट्टै मत सङ्केत गरिएकोमा त्यस्तो मत बदर गर्नु पर्नेछ ।

उदाहरणार्थ : अध्यक्ष वा पदाधिकारीको पदमा एकजना निर्वाचित गर्नु पर्नेमा उम्मेदवार भएको कुनै दुईवटा कोठामा मत सङ्केत गरिएकोमा सो पदको मत बदर गर्ने तथा सदस्य पदमा छजना निर्वाचित गर्नु पर्नेमा उम्मेदवार भएको छभन्दा बढी कोठामा मतसङ्केत गरिएकोमा सो पदको मत बदर हुने ।

(३) छजना सदस्य निर्वाचित हुने मतपत्रमा छजना भन्दा कम उम्मेदवारको कोठामा सही ढङ्गबाट मत सङ्केत भएकोमा सो मतलाई सदर गर्नु पर्नेछ ।

**११४. <u>मतगणना लगातार गर्नेः</u>** (१) निर्वाचन अधिकृतले मतगणनाको काम प्रारम्भ गरेपछि निर्वाचनको लागि तोकिएका सबै मतदान केन्द्रको सबै मतपेटिकामा रहेका सबै मतपत्रको मतगणना नसकिएसम्म मतगणनाको काम निर्वाचन समितिले तोकिएको समयसम्म लगातार गर्नु पर्नेछ ।

(२) मतगणना गर्दा तोकिएको समय समाप्त भएमा पनि मत गणनाका लागि छुट्याई ल्याएको मतलाई मतगणना गर्नु पर्नेछ ।

(३) मत गणनाका लागि छुट्याई ल्याएको मतगणना भएपश्चात मतगणना हुन बाँकी मतलाई यसै आचार संहिता बमोजिम मतपेटिकामा शिलबन्दी गरी राख्नु पर्नेछ ।

**११५. <u>सदर र बदर मतपत्र अलग-अलग खाममा बन्द गर्नेः</u>** निर्वाचन अधिकृतले गणना गरिसकेको मतपत्रमध्ये सदर र बदर मतपत्र अलग-अलग खाममा बन्द गरी खामको बाहिर आफूले दस्तखत गरी सम्भव भएसम्म उम्मेदवार वा निजको प्रतिनिधिको दस्तखत गराई लाहाछाप लगाई राख्नु पर्नेछ । सो बन्द खाममा कुनै उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले लाहाछाप लगाउने चाहेमा लगाउन दिनु पर्नेछ

तर एउटै मतपत्रबाट एक भन्दा बढी पदको लागि मतदान भएकोमा ती मध्ये कुनै पदमा सदर र कुनैमा बदर भएको रहेछ भने त्यस्तो मतपत्र सदर मतपत्र रहेको खाममा राख्नु पर्नेछ ।

**११६. <u>मतगणना समाप्त हुनुभन्दा पहिले मतगणनाको काम स्थगित गर्न सकिनेः</u>** (१) मतगणनाको काम समाप्त हुनुभन्दा पहिले सो मतगणनाको कार्य लगातार जारी राख्न आफ्नो काबुभन्दा बाहिरको कारणले सम्भव हुन नसक्ने अवस्था सिर्जना भएमा निर्वाचन अधिकृतले मतगणना समाप्त हुनुभन्दा पहिले नै सो मतगणना कार्य स्थगित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना समाप्त हुनुभन्दा पहिले मतगणना गर्ने काम स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्र, मतगणनाको अभिलेख, मतगणना गर्न बाँकी रहेका मतपत्र र मतगणना गर्न बाँकी रहेका मतपेटिकाको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी लाहाछाप लगाउनु पर्नेछ । सो बन्द खाममा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले लाहाछाप लगाउन चाहेमा लाहाछाप लगाउन दिनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणनाको काम स्थगित गर्नु परेमा कारण समेत उल्लेख गरी मुचुल्कामा मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई आफूले दस्तखत गरी राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतगणना स्थगित भएको अवस्थामा निर्वाचन अधिकृतले यथाशीघ्र मतगणनाको काम पुनः प्रारम्भ गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पुनः मतगणना प्रारम्भ गर्ने सम्बन्धमा निर्वाचन अधिकृतले सूचना तयार गरी सो सूचनाको एकप्रति मतगणना गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ । यसरी मतगणना स्थगित गरेको सूचना र पुनः मतगणना प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई तुरुन्त दिनु पर्नेछ ।

(६) निर्वाचन अधिकृतले उपदफा (५) बमोजिम पुनः मतगणना प्रारम्भ गर्दा मुचुल्का गर्नु पर्नेछ ।

११७. **मतगणना गर्ने स्थानबाट हटाउने:** (१) निर्वाचन अधिकृतले मतगणनाको काममा रोकावट गर्ने वा बाधा दिने व्यक्तिलाई सो स्थानबाट तत्काल बाहिर जान आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश पाएको व्यक्ति तुरुन्त मतगणना स्थलबाट बाहिर जानु पर्नेछ । त्यस्तो आदेश पालना नगरी अटेर गर्ने व्यक्तिलाई सुरक्षाकर्मीले निर्वाचन अधिकृतको आदेश बमोजिम त्यस्तो स्थानबाट बाहिर पठाउनु पर्नेछ ।

११८. **मतपत्र नोक्सान भएमा प्रतिवेदन दिने:** (१) मतगणना पूरा हुनुभन्दा पहिले मतदानको लागि प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा नोक्सान गरिएमा वा तोडफोड गरिएमा वा हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको काम स्थगित गरी त्यसको सुचना दिनेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी मतगणनाको काम स्थगित गरिएमा निर्वाचन समितिले त्यस्तो मतदान केन्द्रको सम्पूर्ण मतपत्र अवैध भएको घोषणा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपत्र अवैध घोषणा भएमा निर्वाचन समितिको निर्देशनमा निर्वाचन अधिकृतले यथाशीघ्र त्यस्तो मतदान केन्द्रमा पुनः मतदान गर्ने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

११९. **मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएमा प्रतिवेदन दिने:** (१) कसैले मतगणना गर्ने स्थानको अनधिकृत कब्जा गरेमा मतगणना अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन निर्वाचन समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको अवस्थामा मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएको मानिनेछः-

(क) कसैले बल प्रयोग गरी वा डरत्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिई मतगणनाको कार्यमा प्रभाव पारेमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतगणना सम्बन्धी अन्य सामाग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा, वा

(ग) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (क) वा (ख) बमोजिमको कार्य गरेमा वा त्यस्तो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि निर्वाचन समितिले त्यस्तो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नुपर्ने ठहऱ्याएमा कुनै निर्वाचन अधिकृत वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम मतगणना अधिकृतले दिएको प्रतिवेदन वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको निर्वाचन अधिकृत वा अनुगमन टोलीले दिएको प्रतिवेदनको आधारमा निर्वाचन समितिले त्यस्तो मतगणनास्थल उपदफा (२) बमोजिम अनधिकृत तवरले कब्जा भएको भन्ने ठहऱ्याएमा त्यसरी कब्जाबाट असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्र अवैध घोषित गरी मतदान रद्द गर्न सक्नेछ

(५) उपदफा (४) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन समितिले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

१२०. **दोहोऱ्याई मतगणना गर्न निवेदन दिन सक्ने:** (१) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गणना गराई पाऊँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारणसहित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः मतगणनाको लागि निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो निवेदन दर्ता गर्नु पर्नेछ ।

१२१. **दोहोऱ्याई मतगणना गर्ने:** दोहोऱ्याई मतगणना गर्न परेको निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नुपर्ने अवस्था परेमा निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्ने निर्णय गरी पुनः मतगणनाको लागि निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको र सो मतगणना गर्ने स्थानमा उपस्थित अन्य उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

तर त्यसरी दोहोऱ्याई मतगणना गर्ने गरी निर्णय गर्दा जुन पदको उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले निवेदन दिएको हो सोही पदको मात्र दोहोऱ्याई मतगणना गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

१२२. **दोहोऱ्याई मतगणना नगर्ने भएमा सूचना दिने:** दफा ११३ बमोजिम परेको निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नुपर्ने नदेखिएमा वा दोहोऱ्याई मतगणना गर्न निर्वाचन अधिकृत सहमत नभएमा निजले सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई सूचना दिनु पर्नेछ ।

१२३. **मत बराबर भएमा:** (१) कुनै सदस्यको निर्वाचनमा मतदान भएको सबै मतपत्रको मतगणना कार्य समाप्त भएपछि दुई जना उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा कार्यकारिणी समितिको कार्यकालको अवधिमा आधा आधा समय कार्य गर्ने गरी बराबर मत प्राप्त गर्ने सदस्यलाई निर्वाचित भएको घोषणा गरिने छ। त्यसरी निर्वाचित गर्दा पहिलो आधा समय र पछिल्लो आधा समयका लागि निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवारका बीच गोला हाली निर्णय गर्नु पर्नेछ। गोलाबाट कार्यकारिणी समितिको कार्यकालको अवधिको आधा समयमा नपरेको सदस्य आमन्त्रित हुनेछ।

(२) दुई जना भन्दा बढी सदस्यको उम्मेदवारको बराबर मत भएका अवस्थामा निर्वाचन अधिकृतले उम्मेदवारका बीच गोला हाली निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम निर्णय गरेको अवस्थामा मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा निर्वाचन अधिकृतले दस्तखत गरी मत बराबर भएका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम गोला हाल्दा मत बराबर भएका उम्मेदवारहरुबीच सहमति कायम गरी गोला तान्न लगाउनु पर्नेछ र यसरी सहमति कायम हुन नसकेमा त्यस्तो उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा गोला तान्न लगाउनु पर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिम गोला हाल्ने सम्बन्धी अन्य प्रकृया निर्वाचन अधिकृतले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिम गोलाद्वारा छानिएको उम्मेदवारले एक मत बढी पाएको मानिनेछ। सो व्यहोरा मतगणना तालिकाको कैफियतमा उल्लेख गर्नु पर्नेछ।

१२४. **मतगणना समाप्त भएको मुचुल्का गर्ने:** मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ।

१२५. **निर्वाचन परिणामको घोषणा:** (१) निर्वाचन अधिकृतले मतगणनाको फारामको आधारमा निर्वाचन परिणामको घोषणा तयार गरी एक प्रति निर्वाचन समितिको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन परिणामको घोषणा गर्दा सबै उम्मेदवारले मत प्राप्त गरेको मत र प्राप्त मत मध्ये बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ।

१२६. **प्रमाणपत्र दिने:** (१) दफा ११८ बमोजिम निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा गरिसकेपछि निर्वाचित उम्मेदवारलाई तोकिएबमोजिमको निर्वाचित भएको प्रमाणपत्र दिनु पर्नेछ।

(२) निर्वाचन अधिकृतले प्रत्येक निर्वाचित उम्मेदवारको दुईप्रति प्रमाणपत्र तयार गरी एक प्रति निर्वाचित उम्मेदवारलाई दिई अर्को एकप्रति अभिलेखको लागि निर्वाचन समितिको कार्यालयमा बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएका प्रमाणपत्र निर्वाचन कार्यालयले सुरक्षितसाथ राख्नु पर्नेछ।

१२७. **निर्वाचन परिणामको विवरण पठाउने:** निर्वाचन अधिकृतले निर्वाचन परिणाम घोषणा सम्बन्धी विवरण कार्यकारिणी समितिलाई पठाउनु पर्नेछ।

## परिच्छेद-१९

## मत गणना सम्बन्धि विविध व्यवस्था

१२८. **मतगणनाको काम नरोकिने:** (१) कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित हुनुपर्नेमा निज उपस्थित नभएमा वा निजले गर्नुपर्ने काम नगरेमा सोही कारणले मात्र मतगणनाको काम रोकिने छैन र यस्तो मतगणनाको काम कानून बमोजिम भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको अवस्थामा सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले सम्बन्धित मुचुल्कामा सोही व्यहोराको कैफियत खुलाई सो स्थानमा रहेका कर्मचारी र उपलब्ध भएसम्म दुई जना अन्य व्यक्तिको सहीछाप गराई आफूले प्रमाणित गरी राख्नु पर्नेछ ।

१२९. **निर्वाचन सम्बन्धी कागजात हेर्न सक्ने:** (१) निर्वाचन अधिकृतले आवश्यकता अनुसार निर्वाचनमा प्रयोग भएका कागजात मतगणनाको प्रयोजनको लागि हेर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगणनाको कार्य समाप्त भएपछि उपदफा (१) बमोजिम खोली हेरिएका कागजातहरू पुन: सिलबन्दी गर्नु पर्नेछ ।

१३०. **निर्वाचन सम्बन्धी कागजात गोप्य राख्ने:** (१) निर्वाचन अधिकृतले मतगणनाको प्रयोजनको लागि खोलिएका र मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरिएका कागजातहरू, मतपत्रको अधकट्टी, मतदानमा प्रयोग गरिएका मतदाता नामावली, सदर र बदर मतपत्रको सिलबन्दी गरिएको खाम कसैले खोल्न र हेर्न नपाउने गरी गोप्य रूपमा राख्नु पर्नेछ ।

(२) निर्वाचन परिणाम घोषणा भएपछि निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको कागजात निर्वाचन समितिको कार्यालयमा बुझाई सोको भरपाई लिनु पर्नेछ ।

१३१. **निर्वाचन सामाग्री र अन्य कागजात विवरण बुझाउनु पर्ने:** निर्वाचन अधिकृतले निर्वाचन कार्य समाप्त भएपछि निर्वाचनको प्रयोजनका निर्वाचन सामाग्री र निर्वाचन सम्बन्धी सम्पूर्ण कागजात निर्वाचन समितिको कार्यालयमा बुझाई सोको भरपाई लिनु पर्नेछ ।

१३२ .**गोप्यता भङ्ग गर्न नहुने:** कानून बमोजिम अधिकार पाएकोमा बाहेक मतगणना सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी, उम्मेदवार वा निर्वाचन प्रतिनिधि, मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकट गर्न वा प्रकाशन गर्न हुँदैन ।

१३३. **मद्दत लिन सकिने:** (१) निर्वाचन अधिकृत वा मतगणना अधिकृतले निर्वाचनको कामको सिलसिलामा कुनै सरकारी वा सुरक्षा निकायको मद्दत लिन सक्नेछ ।

१३४. **निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतको आदेश पालना गर्नु पर्ने:** (१) निर्वाचन सञ्चालन गर्नको लागि निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृतले दिएको आदेश वा निर्देशनको सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

(२) मतदान अधिकृत वा मत गणना अधिकृतले आफ्नो कर्तव्य पालना गर्दा कुनै कुरा वा कामको सन्दर्भमा द्विविधा भएमा प्रमुख निर्वाचन अधिकृतमा तुरुन्त सम्पर्क गरी प्रमुख निर्वाचन अधिकृतको निर्देशन अनुसार गर्नु पर्नेछ ।

१३५. **बाधा अडकाउ फुकुवा र बचाउ:** यस आचार संहितामा कुनै बाधा अडकाउ परेमा र आचार संहितामा उल्लेख नभएको कुरामा निर्वाचन समितिको निर्णय बमोजिम हुनेछ । निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।